# ओमसतिया गाँउपालिकाको सहकारी नियमावली २०७७

राज्यले तय गरेका "समृद्ध नेपाल सुखी नेपाली" को नारालाई सार्थक बनाउन सहकारीहरु संगको सहकार्य अपरिहार्य रहन्छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २५ को व्यवस्थालाई आत्मसाथ गर्दै स्थानीय सहकारी संघ वा संस्थाहरु संगको समन्वयमा लक्षित उद्देश्य प्राप्ति गर्न सोही संस्थाहरुको व्यवसाय विस्तारका लागि ओमसतिया गाँउपालिकाले स्थानीय सहकारी संघ वा संस्थाहरुलाई संरक्षण र नियन्त्रणका काम कार्यहरुलाई पारदर्शी र प्रभावकारी तुल्याउन वाञ्छनीय देखिएकोले,

संघीय सहकारी ऐन २०७४ को दफा १४९ तथा ओमसतिया गाँउपालिकाको सहकारी ऐन २०७५ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी ओमसतिया गाँउपालिकाले स्थानीय सहकारी नियमावली २०७७ बनाएको छ।

## परिच्छेद - १

### प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः–**

(१) यो नियमावलीको नाम "ओमसतिया गाउँपालिकाको स्थानीय सहकारी नियमावली, २०७५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा,

(क) "स्थानिय सहकारी ऐन" भन्नाले ओमसतिया गाउँपालिकाको सहकारी ऐन, २०७५ लाई सम्झनुपर्छ।

(ख) "संघिय सहकारी ऐन" भन्नाले सहकारी ऐन, २०७४ लाई सम्झनुपर्छ।

(ख) "व्यवस्थापक" भन्नाले संस्था वा संघको व्यवस्थापक, महाप्रबन्धक, कार्यकारी निर्देशक र प्रमुख कार्यकारी अधिकृत समेतलाई सम्झनुपर्छ।

(ग) "संस्थागत पुँजी" भन्नाले संस्था वा संघको पछिल्लो आर्थिक वर्षको जगेडा कोष एवं अविभाजित अन्य कोषको रकम समेतलाई सम्झनुपर्छ।

(घ) "कर्जा सूचना केन्द्र" भन्नाले नियम ७३ को उपनियम (१) बमोजिम स्थापित सहकारी कर्जा सूचना केन्द्र सम्झनुपर्छ।

(ङ) "कर्जा" भन्नाले चल अचल सम्पत्ति, धितो, बन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई सहकारी संस्थाले सदस्यलाई दिएको कर्जाको साँवा, ब्याज, विलम्ब शूल्क र हर्जाना समेतको रकमहरु सम्झनुपर्छ।

(च) "परियोजना" भन्नाले नेपाल सरकार, प्रदेश सरकार, ओमसतिया गाउँपालिका र सरकारी तथा गैहसरकारी संघ वा संस्थाहरु संग निश्चित समय तोकेर वा बहुबर्षीय रुपमा सञ्चालन गर्ने योजना, आयोजना र परियोजना लगायतका विभिन्न कार्यक्रमहरु समेतलाई सम्झनु पर्छ।

(छ) "पेशागत संगठन" भन्नाले नेपाल सरकार, प्रदेश सरकार, ओमसतिया गाउँपालिकाको सरकारी कार्यालयहरु र त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा अन्य संगठित संस्था समेतलाई सम्झनुपर्छ।

## परिच्छेद - २

संघ वा संस्था गठन, नवीकरण, मापदण्ड, कार्यक्षेत्र, वर्गिकरण र दर्ता सम्वन्धि व्यवस्थाः

**३. संस्थाको गठनः–**

(१) संङ्घीय सहकारी ऐनको दफा ३ को उपदफा ५ तथा स्थानिय सहकारी ऐनको दफा ३ को उप दफा ३ बमोजिम संस्था गठन गर्दा देहायका सर्त बन्देजहरू पूरा भएको हुनुपर्नेछः–

(क) पेशागत संगठनका आधारमा दर्ता हुने संस्थाको हकमा प्रचलित कानुन बमोजिम दर्ता भएको पेशागत संगठनका सदस्यहरू मात्र सदस्य हुन सक्ने,

(ख) संस्थाको कार्यक्षेत्र पेशागत संगठनको कार्यक्षेत्रको आधारमा स्थानीय तह, प्रदेश वा संघ हुन सक्नेछ,

(२) संस्था दर्ता गर्दा सम्बन्धित पेशागत संगठनको सहमति आवश्यक हुनेछ।

(३) एउटै कार्यालयमा कार्यरत कर्मचारी, शिक्षक वा प्राध्यापकहरूको संस्था गठन गर्दा त्यस्तो कार्यालयमा कम्तीमा तीस जनाको दरवन्दी स्वीकृत भएको हुनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम विश्वविद्यालय वा शैक्षिक संस्थाको आधारमा गठन हुने संस्थामा त्यसमा कार्यरत प्राध्यापक, शिक्षक वा कर्मचारी सदस्य हुन सक्नेछन्।

(५) यस नियम बमोजिम गठन हुने संस्थाको सदस्य कुनै एकमात्र संस्थामा सदस्य हुन सक्ने छ। तर, यस नियमले बसोवासको आधारमा अर्को संस्थाको सदस्य बन्न वाधा पर्ने छैन।

(६) यस नियम बमोजिम दर्ता भएका संस्थाहरूले देहायका कार्यहरू मात्र गर्न सक्नेछन्:–

(क) सदस्यहरूबाट विनियममा तोकिएको सीमासम्मको मासिक बचत संकलन गर्ने,

(ख) खण्ड (क) बमोजिम संकलित बचत रकम सदस्यहरूलाई ऋणको रुपमा परिचालन गर्ने,

(ग) सदस्यहरूको आवश्यकता अनुसार दैनिक उपभोग्य वस्तु तथा शैक्षिक सामग्री उत्पादन तथा बिक्री वितरण गर्ने,

(घ) सदस्यहरूको बौद्विक विकास, परामर्श सेवा, तालिम तथा प्रशिक्षण एवं कला साहित्यका क्षेत्रमा रचनात्मक कार्य गर्ने।

**४. सहकारी बैंकको गठनः-**

१) संघीय सहकारी ऐनको दफा १२ बमोजिम सहकारी बैंकको गठन गर्दा देहायका सर्तहरू पूरा भएको हुनुपर्नेछः–

(क) आवेदक सहकारी संस्थाहरु विगत ३ वर्ष देखि निरन्तर नाफामा सञ्चालन भएको हुनुपर्नेछ।

(ख) सहकारी बैंक स्थापना गर्न नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम पूँजी र खण्ड (ग) बमोजिम लगानी गर्नु पर्नेछ।

(ग) सहकारी संस्थाले आफ्नो विगत ३ वर्षको कूल औसत बचतको बढीमा ५ प्रतिशत र कूल पूँजीको बढीमा २० प्रतिशत सहकारी बैंकमा लगानी गर्न सक्नेछन्।

(घ) सहकारी बैंक स्थापना गर्न आवेदन दिने सहकारी संस्थाहरुको संस्थागत पूँजी सम्पत्तिको अनुपातमा ५ प्रतिशत भन्दा बढी हुनु पर्नेछ।

(ङ) स्थापीत भएका बैंकहरु राष्ट्रिय सहकारी बैंकको सदस्य बन्न सक्नेछन्।

(च) स्थापना हुने सहकारी बैंकका सदस्य सहकारी संस्थाहरु राष्ट्रिय सहकारी बैंकको पनि सदस्य हुन सक्नेछन्।

(छ) सहकारी बैंक सञ्चालनका शर्तहरु नेपाल राष्ट्र बैंकले तोके बमोजिम हुनेछ।

**५. विशिष्टीकृत सहकारी संघको गठनः**

(१) संघिय सहकारी ऐनको दफा ९ को उपदफा (१) बमोजिम देहायका संस्थाहरू मिली अनुसूची ११ को ढाँचाको निवेदन प्रक्रियावाट विशिष्टीकृत सहकारी संघ गठन गर्न सक्नेछन्:–

(क) यस नियम बमोजिमको संघको सञ्चालक समिति गठनमा सदस्य संस्थाको सदस्यता र लगानीको आधारमा कम्तिमा एक मत र बढीमा ५ मत कायम हुने गरी विनियममा व्यवस्था गरिएको हुनु पर्नेछ।

(ख) यस नियम बमोजिमको संघको स्थापनामा सदस्य संस्थाहरुले कूल पूँजीको ५ प्रतिशत नघट्ने गरी लगानी गर्न सक्नेछन्। सदस्यहरुबाट संकलन गरिएको बचत बाट लगानी गर्न पाइने छैन।

(ग) यस नियम बमोजिमको संघमा लगानी गर्न संस्थाले सदस्यहरुबाट थप पूँजी संकलन गर्न सक्नेछन्।

(घ) यस नियम बमोजिम गठन हुने संघको कार्यक्षेत्र विनियममा तोकिए बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम विशिष्टीकृत सहकारी संघ गठन गर्दा स्व–रोजगारी तथा मूल्य अभिवृद्धिमा योगदान पुऱ्याउने गरी सञ्चय, प्रशोधन, बजारीकरण र निर्यातमूलक कार्यविशेषका विशिष्टीकृत सहकारी संघ लि. गठन गर्न सकिनेछ।

**६. संस्था वा संघ दर्ताको दरखास्तः–**

(१) संघीय सहकारी ऐनको दफा १४ को उपदफा (१) तथा स्थानीय सहकारी ऐनको दफा ५ बमोजिम प्रमुख प्रशासकिय अधिकृत वा निज बाट अधिकार प्राप्त अधिकारी समक्ष संस्था दर्ता गर्नका लागि स्थानिय सहकारी ऐनको दफा ६ को व्यवस्थानुसार दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिंदा संघीय सहकारी ऐनको दफा १४ को उपदफा (२) को खण्ड (ख) तथा स्थानीय सहकारी ऐनको दफा ५ बमोजिमको प्रतिवेदन अनुसूची २ को ढाँचामा र खण्ड (ग) बमोजिमको विवरण अनुसूची ३ को ढाँचामा पेश गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम संस्था दर्ताका लागि दरखास्त दिंदा ऐनको दफा १४ को उपदफा (२) तथा स्थानीय सहकारी ऐन दफा ५ मा उल्लिखित कागजातका अतिरिक्त देहायका विवरण संलग्न गर्नुपर्नेछः–

(क) प्रारम्भिक भेलाका निर्णयहरू,

(ख) अनुसूची ४ को ढाँचामा व्यावसायिक कार्ययोजना,

(ग) अनुसूची ५ को ढाँचामा सदस्यबाट सङ्कलित शेयर रकमको भर्पाई,

(घ) अनुसूची ६ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण,

(ङ) अनुसूची ७ को ढाँचामा स्व-घोषणा-पत्र,

(च) अनुसूची ८ को ढाँचामा अधिकार प्रत्यायोजन-पत्र,

(छ) आवेदकहरू मध्ये सदस्यको श्रम वा सीपमा आधारित संस्थाको हकमा कम्तीमा १५ जना र अन्य संस्थाको हकमा कम्तीमा तीस जनाले कम्तीमा एक दिवसीय सहकारी सम्बन्धी अनुशिक्षण लिएको प्रमाण (फोटो, कार्यपत्र, अनुशिक्षण दिने व्यक्तिको नाम तथा सम्पर्क ठेगाना, सहभागीहरुको उपस्थिति),

(ज) नेपाली नागरिकताको प्रतिलिपि,

(झ) कार्यक्षेत्र भित्र बसोबास गरेको पुष्ट्याई हुने प्रमाण (नागरिकता वा घर जगा भएको प्रमाण वा विधुत्त महशूल बुझाएको रसिद वा मतदाता परिचय पत्र वा व्यवसाय गरेको प्रमाण वा घर भाडा सम्झौता पत्र वा सम्बन्धित निकायले गरेको सिफारिश वा काम गरेको कार्यालयको पत्र वा सम्बन्धित वडाको वडा अध्यक्षको बसोवास प्रमाणित पत्र)।

(४) उपनियम (१) बमोजिम संघ दर्ताका लागि दरखास्त दिंदा देहायका विवरण संलग्न गर्नुपर्नेछः–

(क) उपनियम (२) का साथै उपनियम (३) को खण्ड (क), (ख), (ग), (घ) र (च) मा उल्लिखित विवरण,

(ख) अनुसूची ९ बमोजिम आवेदक संघ, संस्थाको विवरण,

(५) उपनियम (१) बमोजिम बैंक दर्ताका लागि दरखास्त दिंदा देहायका विवरण संलग्न गर्नुपर्नेछः–

(क) अनुसूची १० को ढाँचामा नियम ५ मा उल्लिखित न्यूनतम संख्या पुग्ने संस्था वा संघको सदस्य संख्या, शेयर पुँजी, संस्थागत पुँजी र वित्तीय अवस्था खुल्ने विवरण,

(ख) उपनियम (२) का साथै उपनियम (३) को खण्ड (क), (ख), (ग), (घ) र (च) मा उल्लेखित विवरण,

(६) उपनियम (१) बमोजिम विशिष्टीकृत संघको दर्ताका लागि दरखास्त दिंदा देहायका विवरण संलग्न गर्नुपर्नेछः–

(क) अनुसूची ११ को ढाँचामा आवेदक संस्थाको विषय, सदस्य संख्या, शेयर पुँजी, संस्थागत पुँजी र कारोबार खुल्ने विवरण,

(ख) उपनियम (२) का साथै उपनियम (३) को खण्ड (क), (ख), (ग), (घ) र (च) मा उल्लेखित विवरण।

**७. सहकारी संस्थाको नवीकरणः-**

१.यस ओमसतिया गाँउपालिका भित्र कार्यक्षेत्र रहेका सम्पुर्ण सहकारी संस्थाहरुले प्रत्येक आर्थिक वर्ष समाप्ति भएको ९० दिन (अशोज मसान्त) भित्रमा संस्थाको दर्ता नवीकरण गर्नुपर्नेछ।

२.उपनियम १ वमोजिम संस्था नवीकरण गर्दा सहकारी संस्थाहरुले देहायका विवरण संलग्न गर्नुपर्नेछ।

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) करचुक्ता प्रमाणपत्रको प्रतिलिपी,

(ग) लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी,

(घ) अघिल्लो आ.व को साधारण सभाको निर्णय तथा प्रतिवेदनको प्रतिलिपी,

(ङ) संस्थाको आधिकारिक निवेदन पत्र,

(च) नवीकरण शुल्क (राजश्व) तिरेको नगदी रसिद।

३. उपनियम १ वमोजिम सहकारी संस्था दर्ता नवीकरण गर्दा नवीकरण शुल्क रु १००० (एक हजार) तिर्नुपर्नेछ।

४. उपनियम १ वमोजिम तोकिएको समय सीमा भित्र संस्थाको दर्ता नवीकरण नगरेमा देहाय वमोजिम जरिवाना तथा विलम्व शुल्क लाग्नेछ।

(क) म्याद सकिएको ३ महिना (पुष मसान्त) भित्र नवीकरण गरेमा रु ५०० (पाँच सय), ६ महिना (चैत्र मसान्त) भित्र १००० (एक हजार) र चैत्र मसान्त भित्र पनि नवीकरण नगर्ने सहकारी संस्थाले रु ५००० (पाँच हजार) जरिवाना तिर्नुपर्नेछ।

**८. बचत तथा ऋणको कारोबार गर्ने संस्था दर्ताको मापदण्डः–**

(१) संघीय सहकारी ऐनको दफा १५ को उपदफा (६) तथा स्थानिय सहकारी ऐनको दफा ६ बमोजिम ओमसतिया गाउँपालिकामा प्रत्येक पाँच सय जनसंख्यामा एउटा संस्थामा नबढ्ने गरी बचत तथा ऋणको कारोबार गर्ने संस्था दर्ता गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम संस्थाको संख्या निर्धारण गर्दा गाउँपालिका भित्र कार्यक्षेत्र सीमित भएका बचत तथा ऋणको कारोबार गर्ने संस्थाहरूको मात्र आधार लिइनेछ।

**९. संस्थाको कार्यक्षेत्रः–**

(१) संघीय सहकारी ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ख) तथा स्थानीय सहकारी ऐनको दफा १०बमोजिम संस्थाको कार्यक्षेत्र देहायबमोजिम हुनुपर्नेछः–

(क) सीप, पेशा र प्रकृति समेतबाट संस्था गठन गर्न आवश्यक न्यूनतम संख्यामा सदस्यता विस्तार नै फराकिलो क्षेत्रमा भएको अवस्थामा बढीमा ओमसतिया गाउँपालिकाका ६ वटा वडा सम्म,

(ख) र उपनियम (३) को व्यवस्थानुसार विशेष व्यवसायिक आवश्यकताको आधारमा ओमसतिया गाउँपालिका भरी कार्यक्षेत्र विस्तार गर्न सकिनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको प्रस्तावित कार्यक्षेत्रको कुनै वडामा दर्ताका लागि दरखास्त दिने आवेदकहरूको बसोबास नभएको भए त्यस्तो वडा कार्यक्षेत्रमा समावेश गरिने छैन।

(३) संघीय सहकारी ऐनको दफा १८ को उपदफा (३) तथा स्थानीय सहकारी ऐनको दफा ९ को उपदफा ५ बमोजिम कार्यक्षेत्र विस्तार गर्दा देहायका विशेष व्यावसायिक आवश्यकताको आधार लिनुपर्नेछः–

(क) उत्पादनको सङ्कलन, सञ्चय, प्रशोधन सुविधाका दृष्टिले न्यूनतम आयतन (भोल्युम) कायम गर्न आवश्यक भएको,

(ख) निश्चित भौगोलिक क्षेत्रसम्म उत्पादन क्षेत्र कायम भएको,

(ग) सिँचाइ सुविधा, प्राविधिक रेखदेख, रोगव्याधि नियन्त्रणका दृष्टिले उपयुक्त एकाइ कायम गर्नुपर्ने भएको,

(घ) सेवाको माग, प्रतिएकाइ लागत, सञ्चालन खर्च, व्यवस्थापकीय रेखदेख, स्थिर सम्पत्तिको उपयोग समेतबाट फैलाउन आवश्यक भएको।

(४) संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रक्रिया पूरा गर्नुपर्छः–

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं कारोवारमा बृद्धि भएको,

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको,

(ग) कार्यक्षेत्र विस्तार गर्दा संघीय सहकारी ऐनको दफा ३२ को उपदफा (१) तथा स्थानीय सहकारी ऐनको दफा २२ विपरित दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको,

(५) संघीय सहकारी ऐनको दफा १८ को उपदफा (५) को खण्ड (ग) तथा स्थानीय सहकारी ऐनको दफा ९ को उपदफा ९ बमोजिम संस्थाले देहायका विवरण पेश गर्नुपर्नेछः–

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाका शाखा कार्यालय, सेवा केन्द्र वा सम्पर्क केन्द्र कार्यालयको सञ्चालन खर्च, कारोबार र नाफा-नोक्सानको विवरण,

(ख) मौजुदा कार्यक्षेत्रमा संस्थाले सञ्चाललन गरेका उद्योग, लगानी र व्यावसायिक सेवा सुविधाहरूको लुम्बिनी प्रदेश,रुपन्देही जिल्ला र ओमसतिया गाउँपालिकाका वडा अनुसारको विवरण।

१०. विषयगत आधारमा वर्गीकरणः–

(१) संघिय सहकारी ऐनको दफा २० तथा स्थानिय सहकारी ऐनको दफा ११ बमोजिम संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः-

**(क) "उत्पादन सहकारी":-** कृषि (अन्नवाली, तेलहनवाली, मसलावाली, चिया, कफि, उखु, फलफुल, तरकारी, पशुपालन, माछा, मासु, दुध, मह जन्य उत्पादन आदि), जडिबुटी, उद्योग, खानी, उर्जा, बन पैदावार जन्य व्यवसायीक कारोवार गर्ने सहकारी संस्था।

**(ख) "सेवा सहकारी"** थोक तथा खुद्रा व्यापार, बजार, भण्डारण, ढुवानी, यातायात, सञ्चार, प्रकाशन, विद्यालय, विश्वविधालय, प्राविधिक शिक्षालय, शिसु स्याहार केन्द्र, बृद्धाश्रम, तालिम तथा प्रशिक्षण, परामर्श सेवा, अस्पताल, एम्बुलेन्स, नर्सिङ सेवा, फिजियोथेरापीसेवा, आवाश, होटल, रेष्टुरा, ट्राभल, पार्क तथा उद्यान, सभास्थल, व्यायामशाला,सिंचाइ, विद्युत्त वितरण, खानेपानी, फोहोरमैला व्यवस्थापन, कवाडी सामाग्री संकलन र बिक्री आदि।

**(ग) "वित्तीय सहकारी"** बैंक, बचत तथा ऋणको कारोवार, रकम ट्रान्सफर, बीमा आदिको व्यवसायिक कारोवार गर्ने सहकारी संस्था।

**(घ) "श्रमिक सहकारी"** श्रम र सिपमा आधारित श्रमिकहरुको स्वामित्वमा स्थापना भएको सहकारी संस्था।

**(ङ) "बहुउद्देश्यीय सहकारी"** दुई वा दुई भन्दा बढी विषयको कारोवार गर्ने सहकारी संस्था।

(२) उपनियम (१) मा उल्लेख भए वाहेक सहकारी मार्फत हुन सक्ने अन्य व्यवसायको वारेमा कार्यपालिकाको सहमतिमा विभिन्न विषयहरुको पहिचान गर्न सकिने छ।

(३) संघको वर्गीकरण देहाय बमोजिम हुनेछः–

(क) उपनियम (१) मा उल्लिखित विषयका जिल्ला, प्रदेश र केन्द्रीय संघहरू,

(ख) जिल्ला र प्रदेश संघहरू,

(ग) विशिष्टीकृत संघहरू र

(घ) राष्ट्रिय सहकारी महासंघ।

तर यसमा लेखिएको कुनै कुराले प्रारम्भिक तहमा उपनियम (१) बमोजिम अन्य संस्थाहरू गठन गर्न बाधा पर्नेछैन।

(४) सहकारी बैंकको वर्गीकरण नेपाल राष्ट्र बैंकले तोकेबमोजिम हुनेछ।

**११. दर्ताको निमित्त प्राथमिकताः-** संघको दर्ताका लागि एकभन्दा बढी निवेदन परेमा रीतपूर्वक दर्ता भएको पहिलो निवेदनलाई प्राथमिकता दिइनेछ।

**१२. दर्ताको प्रमाण-पत्रः**-संघीय सहकारी ऐनको दफा १९ तथा स्थानीय सहकारी ऐनको दफा ६ बमोजिम प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्थालाई दर्ताको प्रमाण-पत्र दिंदा स्थानीय सहकारी ऐनको अनुसूची-२ को ढाँचामा दिनुपर्नेछ।

## परिच्छेद -३

साझेदारीमा आर्थिक, सामाजिक र पूर्वाधार विकास सम्वन्धि व्यवस्थाः

**१३. आर्थिक, सामाजिक र पूर्वाधार विकास गर्न, गराउन संयुक्त रूपमा वा साझेदारीमा कारोबार वा व्यवसाय वा उद्योग वा परियोजना सञ्चालनः-**

वा दुई भन्दा बढी संस्था वा संघ वा निकायहरुले ओमसतिया गाउँपालिका को आर्थिक, (१) संघिय सहकारी ऐनको दफा २१ को उपदफा (६) तथा स्थानीय सहकारी ऐनको दफा १२ को उपदफा ५ बमोजिम दुई सामाजिक र पूर्वाधार विकासमा सहयोग हुने गरी साझेदारीमा उत्पादनमूलक, सेवामूलक र बजारीकरणका कारोबार वा व्यवसाय वा उद्योग वा परियोजनाहरु सञ्चालन गर्न सक्नेछन्:–

(क) सम्बन्धित संस्थाको उत्पादनमा मूल्य श्रृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चांलन विधि, सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) प्रस्तावित संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएको हुनुपर्ने,

(घ) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(ङ) खण्ड (घ) बमोजिम पारित प्रस्तावना संयुक्त रूपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरू बीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनपर्ने,

(च) प्रचलित कानुन बमोजिम ओमसतिया गाउँपालिका वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत, सहमति वा स्वीकृति लिनुपर्ने भए लिएको हुनुपर्ने।

(ज) यस नियम बमोजिम स्थापना हुने स्थानीय सहकारी संघ वा संस्था, व्यावसायिक फर्म र कम्पनीहरुलाई सम्बन्धित निकायबाट इजाजत, सहमति वा स्वीकृति दिने विषयमा कुनै विभेद गर्न पाइने छैन।

(२) उपनियम (१) को अधीनमा रही अन्तर-सहकारी सहयोगको भावनाले आवश्यकता अनुसार एकै विषयगत वा फरक विषयगत वा विषयगत र बहुउद्देश्यीय संस्था वा संघहरू मिली संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्न सक्नेछन्।

(३) उपनियम (१) बमोजिम कार्य पूरा गरी सम्बन्धित संघ, संस्थाहरूले तत्सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनुपर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन उपर प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारीले पन्ध्र दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त रूपमा वा साझेदारीमा कारोबार, उद्योग वा व्यवसाय सञ्चालन गर्ने अनुमति दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिम अनुमति दिएकोमा प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारीले सोको अभिलेख छुट्टै दर्ता किताबमा दर्ता गरी राख्नुपर्नेछ।

(६) यस नियम बमोजिम दर्ता भएको संयुक्त वा साझेदारी कारोबार वा व्यवसाय वा उद्योग वा परियोजनाले नियमित रुपमा प्रगति प्रतिवेदनका साथै वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ।

## परिच्छेद -४

उत्पतिको प्रमाण-पत्र, संस्थाको विनियम, सदस्यता र संचालक समिति सम्वन्धि व्यवस्थाः

**१४. उत्पत्तिको प्रमाण-पत्र जारी गर्ने प्रक्रिया र आधारः–**

(१) संघीय सहकारी ऐनको दफा २१ को उपदफा (८) तथा स्थानीय सहकारी ऐनको दफा १२ को उपदफा ५ बमोजिम संस्था वा संघले उत्पादन गरेको वस्तुहरूको प्रमाण-पत्र जारी गर्ने प्रक्रिया र आधार देहायबमोजिम हुनेछः–

(क) निर्धारित अनुपातमा मूल्य अभिवृद्धि गरेको सुनिश्चित्ता सम्बन्धित उत्पादक संस्था वा संघको संयन्त्रबाट गरिएको हुनुपर्ने,

(ख) सम्बन्धित उत्पादक संस्था वा संघबाट उत्पादित वस्तुको गुणस्तर सुनिश्चित गर्न आवश्यक कार्यविधि, जनशक्ति विकास तथा गुणस्तर परीक्षण संयन्त्र स्थापित गरेको हुनुपर्ने,

(ग) उत्पादनमा प्रयुक्त प्रविधिको अबलम्बन सुनिश्चित गर्न निर्धारित कार्यविधि (म्यानुअल), सदस्य प्रशिक्षण, अभिलेख लगायतका निर्धारकहरू (स्पेसिफिकेशन) को परिपालना हुने गरी सम्बन्धित संस्था वा संघबाट आवश्यक संयन्त्र र प्रक्रियाहरू स्थापित गरिएको हुनुपर्ने,

(घ) सम्बन्धित उत्पादक संस्था वा संघबाट उत्पादित वस्तुको परिमाण, समय र स्थल अभिलेख एवं प्रमाणीकरण गर्ने भरपर्दो पद्धति लागू गरिएको हुनुपर्ने,

(२) सम्बन्धित केन्द्रीय विषयगत सहकारी संघले उत्पत्तिको प्रमाण-पत्र जारी गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम उत्पत्तिको प्रमाण-पत्र जारी गर्दा सम्बन्धित केन्द्रीय सहकारी संघले ओमसतिया गाउँपालिका वा सम्बन्धित निकायको मापदण्ड पालना गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम उत्पत्तिको प्रमाण-पत्र जारी गर्ने कार्यलाई व्यवस्थित बनाउन स्थलगत परीक्षण लगायतका कार्यहरू समेत गर्ने गरी सम्बन्धित केन्द्रीय सहकारी संघले उपनियम (३) को अधीनमा रही आवश्यक कार्यविधि बनाई लागू गर्न सकनेछ।

**१५. सहकारी संस्थाको विनियमः–**

(१) संघीय सहकारी ऐनको दफा २७ को उपदफा (१) तथा स्थानीय सहकारी ऐनको दफा १७ को उपदफा(१) बमोजिम विनियम बनाउँदा सहकारी संस्थाले अनुसूची १ मा उल्लिखित विषयहरू समावेश गर्नुपर्नेछ।

(२) सहकारी बैंक, बचत तथा ऋण सहकारी संस्था, बहुउद्देश्यीय सहकारी संस्था र कृषि तथा जडीवुटी सहकारी संस्था बाहेक अन्य सहकारी संस्थाको विनियममा बचत तथा ऋणको कारोबार गर्ने गरी उद्देश्य वा कार्य समावेश गर्नु हुँदैन।

**१६. संघको सदस्यताः-**

संघीय सहकारी ऐनको दफा ३३ को उपदफा (८) तथा स्थानीय सहकारी ऐनको दफा ३२ को उपदफा (ज) बमोजिम संघको सदस्यता लिँदा देहायको प्रक्रिया पूरा गरेको हुनुपर्नेछः–

(क) वित्तीय कारोवार गर्ने संस्थाले दर्ता भएको ६ महिना भित्र कम्तीमा एक तह माथिल्लो सम्बन्धित संघमा सदस्यता लिनु पर्नेछ। यस अघि दर्ता भई सञ्चालनमा रहेका वित्तीय कारोवार गर्ने संस्थाहरुले यो नियम लागु भएको ६ महिना भित्र कुनै एक तह माथिल्लो सम्बन्धित संघमा सदस्यता लिई सक्नु पर्नेछ।

(ख) सहकारी संस्थाले नियम ९ मा उल्लिखित सम्बन्धित विषयको सम्बन्धित संघ वाहेक अन्य विषयगत संघमा सदस्यता लिन पाउने छैन।

(ग) सम्बन्धित संघको विनियममा उल्लेखित आधार र प्रक्रिया पूरा भएको।

(घ) संघीय सहकारी ऐनको दफा १३६ को उपदफा (२) तथा स्थानीय सहकारी ऐनको दफा ९७ बमोजिम संघको साधारण सभामा सदस्य सहकारी संस्थाले सदस्य संख्याको आधारमा बढीमा ५ जना प्रतिनिधि
मताधिकार सहित पठाउन सक्नेछ। प्रतिनिधिको संख्या सम्बन्धमा सम्बन्धित संघको विनियममा उल्लेख भए बमोजिम हुनेछ।

**१७. सदस्यताको समाप्तिः–**

(१) संघीय सहकारी ऐनको दफा ३४ को उपदफा (४) तथा स्थानीय सहकारी ऐनको दफा २३ बमोजिम कुनै सदस्यको सदस्यता समाप्ति गर्दा देहायको व्यवस्था पालना गर्नुपर्नेछः–

(क) त्यस्तो सदस्यको सदस्यता समाप्तिको आधार सहितको जानकारी संस्थामा प्राप्त भएको वा संस्थाको अभिलेखबाट देखिएको हुनुपर्ने,

(ख) त्यस्तो सदस्यको सदस्यता समाप्ति सम्बन्धी आधारका सम्बन्धमा सञ्चालक समितिले उपसमिति बनाई छानबिन गरी प्रतिवेदन लिएको हुनुपर्ने,

(ग) सदस्यता समाप्ति गरिने सदस्यलाई खण्ड (ख) बमोजिमको उपसमितिले आफ्नो सफाई पेश गर्ने मुनासिव माफिकको मौका दिएको हुनुपर्ने,

(घ) सञ्चालक समितिको निर्णय भएको हुनुपर्ने।

(२) उपनियम (१) बमोजिम सञ्चालक समितिको निर्णय चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारी समक्ष उजुरी गर्न सक्नेछ तथा तत्सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकारप्राप्त अधिकारीको निर्णय नै अन्तिम हुनेछ। तर, यस उपनियम बमोजिम गरेको निर्णय तथ्यपरक र सम्बन्धित सहकारी संस्थाको लिखित प्रतिक्रियाको आधारमा हुनेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय सहकारी ऐनको दफा ३२ को उपदफा (१) तथा स्थानीय सहकारी ऐनको दफा २२ को उपदफा (१) बमोजिम दोहोरो सदस्यता भए, नभएको सम्बन्धमा संस्थाले आफ्नो सदस्यहरूलाई यो नियमावली लागू भएको मितिले तीन महिनाभित्र स्व-घोषणा गर्न सूचना दिनुपर्नेछ।

(४) उप-नियम (३) बमोजिम प्राप्त सूचनाका आधारमा संघिय सहकारी ऐनको दफा ३२ को उपदफा (१) तथा स्थानिय सहकारी ऐनको दफा २२ को उपदफा (१) विपरित दोहोरो सदस्यता भएको सदस्यको हकमा निजले चाहेको संस्थाले सदस्यता कायम राखी अन्य संस्थाले ऐनमा निर्धारित म्यादभित्र त्यस्तो सदस्यको सदस्यता अन्त्य गर्नुपर्नेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकारप्राप्त अधिकारीले संघीय सहकारी ऐनको दफा ३२ को उपदफा (१) तथा स्थानीय सहकारी ऐनको दफा २२ को उपदफा (१) विपरित कुनै सदस्यको दोहोरो सदस्यता रहेको देखिएमा सबभन्दा पहिला लिएको संस्थाको सदस्यता कायम गरी अन्य संस्थाको सदस्यता खारेज गर्न निर्देशन दिन सक्नेछ तथा त्यस्ता संस्थाले तदनुसार सदस्यता अन्त्य गर्नुपर्नेछ।

**१८. सञ्चालक समितिको बैठकः-**

संघीय सहकारी ऐनको दफा ४१ को उपदफा (८) तथा स्थानीय सहकारी ऐनको दफा ३० बमोजिम संचालक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था देहायबमोजिम हुनेछः–

(१) समितिको बैठक अध्यक्षको निर्देशनमा सचिव वा व्यवस्थापकले बोलाउनेछ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ तर दुई बैठकबीचको अवधि साधारणतया पैंतालीस दिनभन्दा बढी हुने छैन।

(३) उपनियम २ मा जेसुकै लेखिएको भएतापनि बहुमत सदस्यले ४५ दिन अगावै बैठक राख्न आवश्यक ठानी संयूक्त निवेदन दिएमा अध्यक्षले ७ दिन भित्र वैठक बोलाउनुपर्नेछ।

(४) उपनियम (२) र (३) मा तोकिएको अवधिभित्र बैठक नबोलाएमा बहुमत सदस्यले बैठक बोलाउन उपाध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछन् र त्यस्तो अनुरोध प्राप्त भएमा उपाध्यक्षले सात दिनभित्र बैठक बोलाउनुपर्नेछ।

(५) उपनियम (४) बमोजिम बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरू उपस्थित भई सञ्चालक समितिको बैठक राख्न सक्नेछन्।

(६) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकबाट प्रमाणित गर्नुपर्नेछ।

(७) समितिको बैठकको गणपूरक संख्या समितिका कुल सदस्य संख्याको बहुमत हुनेछ।

(८) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निजसमेत उपस्थित नभएमा सञ्चालक हरूमध्ये ज्येष्ठ सदस्यले गर्नेछ।

**१९. समितिको काम, कर्तव्य र अधिकारः-**

संघीय सहकारी ऐनको दफा ४३ को (ट) तथा स्थानीय सहकारी ऐनको दफा ३२ बमोजिम समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) संस्थाको समग्र कार्यसञ्चालनमा सदस्यहरूको रचनात्मक सहभागिता सुनिश्चित गर्ने,

(ख) सदस्यहरूलाई नियमित रूपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) ऐन तथा यस नियमावली बमोजिम हुने निरीक्षण, अनुगमन कार्यमा सहयोग पुर्‍याउनुका साथै प्राप्त निर्देशनहरूको कार्यान्वयनको व्यवस्था मिलाउने,

(घ) लेखा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरू उपर छलफल गरी आवश्यक देखिएका सुझावहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको कार्यसञ्चालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण सम्बन्धी प्रचलित कानुन बमोजिमका व्यवस्थाहरूको कार्यान्वयन गर्ने, गराउने,

(च) आवश्यकता अनुसार उपसमितिहरू गठन गर्ने र उपसमितिको कार्यविधि तोक्ने,

(छ) सदस्य तथा पदाधिकारीहरूका लागि आचारसंहिता बनाई लागू गर्ने,

(ज) सहकारी संस्थाको व्यवस्थापक नियुक्त गर्ने, व्यवस्थापकको जिम्मेवारी, सेवाका शर्त र सुविधाहरु निर्धारण गर्ने,

(झ) सहकारी संस्थाको वार्षिक रणनैतिक योजना स्वीकृत गर्ने आवश्यकता अनुसार परिमार्जन गर्ने,

(ञ) सम्पादित कार्यहरुको नियमित समिक्षा गर्ने र व्यवस्थापकलाई आवश्यक निर्देशन दिने,

(ट) वार्षिक वजेट तथा कार्यक्रम, कार्यविधि, विनियमावली, निर्देशिका तयार गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि साधारण सभामा पेश गर्ने,

(ठ) विनियममा उल्लिखित अन्य कार्यहरू गर्ने।

**परिच्छेद - ५**

**तदर्थ संचालक समिति गठन, सन्दर्भ व्याज दर, रकम फिर्ता सम्वन्धि व्यवस्था:**

**२०. तदर्थ संचालक समितिको गठन:–**

(१) संघीय सहकारी ऐनको दफा ४७ को उपदफा (४) तथा स्थानीय सहकारी ऐनको दफा ३६ को उपदफा ४ बमोजिम तदर्थ संचालक समिति गठन गर्दा देहाय बमोजिमका आधार लिनुपर्दछः–

(क) संस्थाको सदस्य भएको हुनुपर्ने,

(ख) सदस्यको नाममा संस्थाको तिर्नुपर्ने भाखा नाघेको ऋण वा अन्य बा"की बक्यौता रहेको हुनु नहुने,

(ग) उपलब्ध भएसम्म जम्मा सदस्यको कम्तिमा ३३ (तेत्तीस प्रतिशत) महिला हुनुपर्ने,

(घ) एकै परिवारका एकभन्दा बढी सदस्य हुन नहुने,

(ङ) साबिकमा कायम रहेको समितिको सदस्य वा त्यस्तो सदस्यको नजिकको नाता पर्ने सदस्य हुन नहुने।

(२) उपनियम (१) बमोजिम तदर्थ समितिको पदाधिकारी वा सदस्य लगत्तै गठन हुने समिति वा लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउनेछैन।

**२१. सन्दर्भ व्याजदरको आधार र प्रक्रिया:-**

(१) संघीय सहकारी ऐनको दफा ५१ को (३) तथा स्थानीय सहकारी ऐनको दफा ४० को उपदपा (१) बमोजिम सन्दर्भ व्याजदर निर्धारण गर्दा देहायका आधार लिनुपर्नेछः–

(क) बचत तथा ऋणको केन्द्रीय विषयगत संघमा आबद्ध संघ, संस्थाहरूको औसत व्याजदर,

(ख) सहकारी बैंकहरूको औसत व्याजदर,

(ग) सरकारी तथा निजी क्षेत्रका वैंक तथा वित्तीय संस्थाहरुको औसत व्याजदर,

(घ) व्याजदरका सम्बन्धमा ओमसतिया गाउँपालिका, प्रादेशिक सरकार र संघीय सरकारका सम्वन्धित निकाय वा नेपाल राष्ट्र बैंकले गरेका अध्ययन प्रतिवेदनहरू,

(ङ) राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रीय संघहरूबाट प्राप्त सुझाव,

(च) सन्दर्भ व्याजदर निर्धारण समितिले उपयुक्त देखेका अन्य आधारहरू।

(२) उपनियम (१) बमोजिम सन्दर्भ व्याजदर निर्धारण गर्दा सामान्यतया देहायका सिद्धान्तहरू अवलम्वन गर्नुपर्नेछः–

(क) बचतमा भारित औसत व्याजदर भन्दा सामान्यतया बढी,

(ख) ऋणमा भारित औसत व्याजदर भन्दा सामान्यतया घटी,

(ग) बचत र ऋणको व्याजदरको अन्तर छ प्रतिशतभन्दा घटी।

(३) सन्दर्भ व्याजदर आवश्यकता अनुसार पुनरावलोकन गर्न सकिने

(४) समितिको निर्णय बैठकमा उपस्थित सदस्यहरूको बहुमतबाट हुनेछ।

(५) समितिले वार्षिक रूपमा सन्दर्भ व्याजदर परिपालना अवस्थाको मूल्याङ्कन गरी ओमसतिया गाउँपालिका र सम्वन्धित मन्त्रालयहरुमा आवश्यक सुझावसहितको प्रतिवेदन दिनुपर्नेछ।

(६) यस नियमबमोजिम सन्दर्भ व्याजदर निर्धारण गरिएको जानकारी ओमसतिया गाउँपालिका, सम्वन्धित मन्त्रालय र नेपाल राष्ट्र बैंकमा पठाउनुका साथै राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशन गर्नुपर्नेछ।

(७) राष्ट्रिय सहकारी महासंघ तथा केन्द्रीय विषयगत सहकारी संघहरूले सन्दर्भ व्याजदर निर्धारणको जानकारी आफ्ना सदस्यहरूलाई गराउनुका साथै पालना अवस्थाको समेत अनुगमन गर्नुपर्नेछ।

(८) सन्दर्भ व्याजदर निधारिण सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गर्न सक्नेछ।

**२२. सदस्यको रकम फिर्ता:–**

(१) सदस्यले सदस्यता त्याग गरेको अवस्थामा संघीय सहकारी ऐनको दफा ६४ को उपदफा (१) तथा स्थानीय सहकारी ऐनको दफा ४३ बमोजिम निजले पाउनुपर्ने देहांयको रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको ९० दिनभित्र संस्थाले निजलाई फिर्ता दिनुपर्नेछः–

(क) निजको शेयरको अंकित मूल्य बराबरको रकम,

(ख) निजले भुक्तानी लिन बाँकी शेयर लाभांश बापतको रकम र

(ग) निजले भुक्तानी लिन बाँकी संरक्षित पुँजी फिर्ता बापतको रकम।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुँजीबाट समानुपातिक रूपमा घटाई बाँकी रहेको हिसाबमा मात्र सदस्यलाई दिनुपर्ने रकम कायम गरी फिर्ता दिनुपर्नेछ।

(३) संघिय सहकारी ऐनको दफा ६४ को उपदफा (२) तथा स्थानिय सहकारी ऐनको दफा ४३ बमोजिम संस्थामा जम्मा गरेको बचत रकम तोकिएको समय सीमा भित्र सदस्यले मागेका बखत व्याजसहित फिर्ता दिनु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्थिर सम्पत्तिमा लगानी भएको शेयर पूँजीको हकमा सदस्यको इच्छा बमोजिम हक हस्तान्तरण गर्न सकिने छ।

## परिच्छेद - ६

संरक्षित पुंजी फिर्ता कोष, सहकारी प्रर्वद्धन कोष,
अन्य कोषहरु, अभिलेखन, छुट सुविधा र सहुलियत सम्वन्धि व्यवस्थाः

**२३. संरक्षित पुँजी फिर्ता कोष वितरणका आधारः-**

(१) संघीय सहकारी ऐनको दफा ६९ को उपदफा (३) तथा स्थानीय सहकारी ऐनको दफा ४८ बमोजिम संरक्षित पुंजी फिर्ता कोषको वितरण गर्दा देहाय बमोजिम वासलातले देखाएको वार्षिक कारोबारको आधार लिनुपर्नेछः-

(क) संरक्षित पूँजी फिर्ता कोषको रकम मध्ये कम्तिमा ५० (पचाश प्रतिशत) रकम शेयर पूँजीको आधारमा फिर्ता गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिमको रकम छुट्टयाई बाँकी रहेको रकमबाट सदस्यहरुलाई बचतमा दिइने ब्याज तथा ऋणमा लिइने ब्याज र सदस्यहरु बीच बस्तु तथा सेवाको खरिद बिक्री तथा अन्य कारोवार वा सेवाको आधारमा वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ग) यस नियममा अन्यत्र जुनसुकै व्यवस्था गरिएको भएता पनि खुल्ला बजारमा उत्पादन तथा सेवा बिक्री गर्ने सहकारी संस्थाको हकमा संरक्षित पूंजी फिर्ता कोषको शत - प्रतिशत रकम शेयर पूँजीको आधारमा सदस्यहरुलाई वितरण गर्न सकिनेछ।

(२) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको व्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइनेछैन।

(३) गत आर्थिक वर्षको कारोबारको संरक्षित पुंजी फिर्ता कोषको रकम चालू आर्थिक वर्षभित्र वितरण गरिसक्नुपर्नेछ।

(४) उपनियम (३) बमोजिम कुनै आर्थिक वर्षमा वितरण हुन नसकी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नुपर्नेछ।

**२४. सहकारी प्रर्वद्धन कोषः-**

(१) संघीय सहकारी ऐनको दफा ७० को उपदफा (५) तथा स्थानीय सहकारी ऐनको दफा ४९ बमोजिम ओमसतिया गाउँपालिका वा सम्वन्धित मन्त्रालयले वार्षिक बजेटमा समावेश गरी कोषमा रकम उपलब्ध गराउनेछ।

(२) कोषको रकम संघीय सहकारी ऐनको दफा ७० को उपदफा (६) तथा स्थानीय सहकारी ऐनको दफा ४९ बमोजिमका सहकारी संघ तथा महासंघलाई देहाय बमोजिम उपलब्ध गराइनेछः-

(क) राष्ट्रिय सहकारी महासंघलाई जम्मा स्रोतको ३० (तीस) प्रतिशत सम्म,

(ख) केन्द्रीय विषयगत सहकारी संघहरूलाई जम्मा स्रोतको २५ (पच्चीस) प्रतिशत सम्म,

(ग) प्रदेश सहकारी संघहरूलाई जम्मा स्रोतको १५ (पन्ध्र) प्रतिशत सम्म,

(घ) प्रदेश विषयगत सहकारी संघहरूलाई जम्मा स्रोतको १० (दश) प्रतिशत सम्म,

(ङ) जिल्ला सहकारी संघहरूलाई जम्मा स्रोतको १० (दश) प्रतिशत सम्म,

(च) जिल्ला विषयगत सहकारी संघहरूलाई जम्मा स्रोतको १० (दश) प्रतिशत सम्म,

(३) उपनियम (२) बमोजिम संघलाई प्राप्त रकमको कम्तीमा ७५ (पचहत्तर) प्रतिशत रकम कोषको समितिले तोकेबमोजिम प्रारम्भिक संस्थाहरूलाई आयोजना सञ्चालन गर्न उपलब्ध गराउनुपर्नेछ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको समितिले महासंघ वा संघहरूलाई रकम उपलब्ध गराउँदा त्यस्ता महासंघ वा संघबाट प्राप्त प्रस्तावहरूको आधार लिइनेछ।

(५) उपनियम (४) को प्रयोजनको लागि सम्बन्धित संघहरूले आ-आफ्ना सदस्य संघ संस्थाबाट प्रस्ताव माग गर्न सक्नेछन्।

(६) संघीय सहकारी ऐनको दफा ७० को उपदफा (९) तथा स्थानीय सहकारी ऐनको दफा ४९ बमोजिम राष्ट्रिय सहकारी महासंघको सदस्य संघहरूले कोषबाट प्राप्त रकमको खर्चको लेखापरीक्षण तथा साधारण सभाबाट पारित भएबमोजिमको विवरण सङ्कलन गरी प्रत्येक आर्थिक वर्षको फागुन मसान्तभित्र पुस्तिकाको रूपमा प्रकाशन गर्नुका साथै त्यस्तो विवरण ओमसतिया गाउँपालिका, सम्बन्धित मन्त्रालय, जिल्ला सहकारी संघ र राष्ट्रिय सहकारी महासंघको वेबसाइटमा समेत राख्ने व्यवस्थाका लागि पठाउनु पर्नेछ।

(७) कोष सञ्चालनका लागि समितिले कार्यविधि बनाई लागू गर्न सक्नेछ।

**२५. अन्य कोष सम्बन्धी व्यवस्था:–**

संघीय सहकारी ऐनको दफा ७१ को उपदफा (१) र (२) तथा स्थानीय सहकारी ऐनको दफा ५० बमोजिम सहकारी संस्थाको एक आर्थिक वर्षको खुद बचतको रकमबाट कम्तीमा २५% (पच्चिस प्रतिशत) जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई १०० प्रतिशत मानी सोबाट संघीय सहकारी ऐनको दफा ६९ तथा स्थानीय सहकारी ऐनको दफा ४८ बमोजिम कम्तीमा २५% (पच्चीस प्रतिशत) रकम संरक्षित पुँजी फिर्ता कोष र संघीय सहकारी ऐनको दफा ७० तथा स्थानीय सहकारी ऐनको दफा ४९ बमोजिम शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम सहकारी प्रर्वद्धन कोषमा रहने गरी सम्बन्धित सहकारी संस्थाको विनियममा भएको व्यवस्था बमोजिम अन्य कोषहरु खडा गर्न सकिने छ।

**२६. अभिलेख:–**

(१) संघीय सहकारी ऐनको दफा ७२ को उपदफा (२) तथा स्थानीय सहकारी ऐनको दफा ५१ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्यसञ्चालनको अभिलेखका साथै आफूले गरेको कारोबारको लेखा विभागले तोकेको लेखामान ढाँचा अनुसार राख्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खाताबही तथा विवरण समेत राख्नुपर्नेछः-

(क) अनुसूची ३, ९, १० र ११ बमोजिमको सदस्यता दर्ता किताब

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरिवेक्षण समिति, उप–समितिहरूको बैठकहरूको छुट्टाछुट्टै कारबाई किताब,

(ग) नगदी बही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा संघ वा निकाय सँग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग–अलग खाता तथा सहायक खाताहरू,

(ञ) सम्वन्धित निकाय वा मन्त्रालयले तोकेको ढाँचा बमोजिमको हिसाब परीक्षा सूची, आय–व्यय र स्थिति विवरण-पत्र,

(ट) समय-समयमा सम्वन्धित निकाय वा मन्त्रालयहरुले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू।

(३) रु.५ करोडभन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख विभागले तोके बमोजिमको निर्धारिक पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सटवेयर) मा समेत व्यवस्थित गर्नुपर्नेछ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण विभागले तोकेको व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्टि गर्नुपर्नेछ। तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानुनबमोजिम गोप्य रहने सूचना अलगै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको विवरण पृष्ठ सुरक्षा (ब्याकअप) व्यवस्था सहित संरक्षण गर्नुपर्नेछ।

**२७. छुट सुविधा र सहुलियतः-**

संघीय सहकारी ऐनको दफा ७८ को उपदफा (१०) तथा स्थानीय सहकारी ऐनको दफा ५७ को उपदफा (२) बमोजिम छुट सुविधा र सहुलियत प्राप्तिका व्यवस्थाहरु देहायबमोजिम हुनेछन्ः-

(१) सहकारी संस्थाले ऐन बमोजिम छुट सुविधा पाउन निवेदन साथ जग्गा खरिद वा अन्य सामाग्रीको (प्रस्तावित) विवरण, मूल्य, बैठकको निर्णय तथा खरिद प्रक्रियाको विवरण सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) कार्यालयले सम्वन्धित सहकारी संस्थाको वित्तीय स्रोतको विश्लेषण गरी बढिमा ७ दिन भित्र छुट सुविधा दिने वा नदिने निर्णय गरी छुट सुविधा दिने भए सिफारिस गर्नु पर्ने छ।

## परिच्छेद - ७

**स्थानीय सहकारी संघ वा संस्थाहरुलाई अनुदान सम्बन्धी व्यवस्थाः**

२८. नेपालको संविधानमा अन्तरनिहित ओमसतिया गाँउपालिकाका वासिन्दाहरुको मौलिक अधिकार कार्यान्वयन, समावेशी विकास, सर्वव्यापी सामाजिक सुरक्षा तथा लोककल्याणकारी राज्य हुँदै समाजवाद उन्मुख अर्थतन्त्र निर्माणार्थ दूरदृष्टि र दिगो विकास लक्ष्य प्राप्ती गर्न स्थानीय सहकारी संघ वा संस्थाहरुको संस्थागत व्यवसाय प्रर्वद्धन गर्नका लागी स्थानीय सहकारी ऐनको दफा ९३ वमोजिम स्थापना भएको सहकारी व्यवसाय प्रर्वद्धन कोषवाट अनुदान प्रदान गर्न संघिय सहकारी ऐनको दफा ७८ उपदफा ८ र (१०) तथा स्थानीय सहकारी ऐनको दफा १२ को उपदफा (५),दफा ५७ को उपदफा (२), दफा ९१ उपदफा (२), र स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा २५ को उपदफा (१) बमोजिम गरीव र विपन्न वर्गका सीमान्तकृत, अल्पसंख्यक र दलित समुदायको जीवनयापनमा सघाउ पुऱ्याउन आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि हासिल गर्नु पर्ने भएकोले स्थानीय सहकारी संघ वा संस्थाहरुलाई देहाय बमोजिम अनुदान सुविधा वितरण गर्न सक्नेछ।

**२९. अनुदान दिन सक्नेः-**

(१) स्थानीय सहकारी संघ वा संस्थाले विभिन्न परियोजनाहरु सञ्चालन गर्न ओमसतिया गाँउपालिकाको, आर्थिक विकास समितिको सहमतीमा "सहकारी व्यवसाय प्रर्वद्धन समिति"ले देहाय बमोजिम अनुदान दिन सक्नेछः-

(क) बीउपुँजी अनुदान (ख) पुँजीगत अनुदान (ग) कार्यक्रम अनुदान।

(२) उपदफा (१) बमोजिम प्रत्येक वर्ष प्रदान गरिने रकमको अधिकतम सीमा ओमसतिया गाँउपालिकाको आर्थिक विकास समिति, प्रादेशिक भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र संघिय सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ।

(३) नियम ३० को उपदफा (१) बमोजिम अनुदान दिंदा देहायका संघ वा संस्थाहरुलाई देहाय बमोजिमका परियोजनाका लागि अनुदान दिन सकिनेछः-

(क) कृषि तथा गैहकाष्ठ वन पैदावार (जडीवुटी) र खानी तथा खनिज-प्रदार्थ जन्य सहकारी संघ वा संस्थाहरुले सदस्यहरूवाट उत्पादित कृषि तथा गैहकाष्ठ वनपैदावार (जडीवुटी) र खानी तथा खनिज–प्रदार्थहरु सङ्कलन, प्रशोधन तथा प्रर्वद्धन र बजारीकरण गर्ने गराउने परियोजना,

(ख) श्रमिक, भूमिहिन कृषक, सीमान्तकृत वा अल्पसंख्यक समुदाय सम्मिलित सहकारी संस्थाले आफ्ना सदस्यहरुको व्यवसायिक रूपमा भाषा र संस्कृति संरक्षण गर्दै आन्तरिक एवं बाह्य प्रर्यटन प्रर्वद्धन गर्न र खानी तथा खनिज–प्रदार्थको उत्खनन् लगायतका कार्यहरुवाट गरिवी निवारण संग स्वरोजगारको अवसर दिलाउने परियोजना,

(ग) कृषि तथा गैहकाष्ठ वनपैदावार (जडीवुटी) र खानी तथा खनिज-पदार्थ जन्य उत्पादन वा उत्खनन् गर्ने, गराउने सहकारी संघ वा संस्थाहरुले दीर्घकालीन रूपमा भूमिको व्यवस्था गरी सदस्यहरुको सहकार्यमा सञ्चालन गर्ने परियोजना,

(घ) विषयसँग सम्बन्धित सहकारी संघ वा संस्थाहरुले सङ्गठित भई सामूहिक रुपमा सञ्चालन गर्ने शीतघर, स्रोत केन्द्र, थोक बजार, (यातायात, शिक्षा र स्वास्थ्य सेवा), जलविद्युत, भारी उपकरण, कृषि औजार एवं कल कारखाना लगायतका साझा उपयोगका परियोजना, र

(ङ) सम्वन्धित क्षेत्रका स्थानीय उपभोक्ता तथा सदस्यहरुको गरिबी निवारणका लागि दैनिक जीवनयापनमा सहयोग हुने गरी दैनिक उपभोग्य खाद्य सामाग्रीहरु खरिद एवं विक्री वितरण गर्ने, आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धन हुने गरी प्राचिन संस्कार संग गाँसिएको सांस्कृतिक एवं धार्मिक पर्यटनहरु प्रवर्द्धन गर्ने, गराउने, पशुपंक्षी पालन गर्ने, गराउने जस्ता कार्यक्रम तथा परियोजना।

पुनश्चः- स्थापित विषयगत सहकारी संघ वा संस्थाहरु नभएको अवस्थामा अन्य सहकारी संघ वा संस्थाहरुलाई पनि नियम ३३ को उपनियम (क) (ख) (ग) (घ) र (ङ) मा उल्लेखित विषयमा आधारित परियोजना प्रस्ताव गर्न बाधक हुने छैन्।

**३० बीउपुँजी अनुदान प्रदान गर्न सक्नेः-**

(१) ओमसतिया गाउँपालिका, आर्थिक विकास समितिको सहमतिमा सहकारी व्यवसाय प्रवर्द्धन समितिले प्रारम्भिक सहकारी संघ वा संस्थाहरुलाई नियम ३३ को उपनियम (क), (ख), (ग), (घ) र (ङ) बमोजिमको परियोजना सञ्चालन गर्न बीउपुँजी अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बीउपुँजी अनुदान उपलब्ध गराउँदा संस्थाको प्रत्यक्ष रोजगार पाउने सदस्य संख्याका आधारमा प्रति सदस्य विस हजार रुपैयां वा कुल पच्चीस लाख रुपैयाँमा जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि महिला, सिमान्तकृत, अल्पसंख्यक र दलित समूदाय मात्र सम्मिलित संस्थाको हकमा प्रति सदस्य पैंचालिस हजार रुपैयाँ वा कुल पैंचालिस लाख रुपैयाँमा जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक पटक बीउपुँजी अनुदान उपलब्ध गराइएको संस्थालाई परियोजना विस्तार गरी थप स्वरोजगारी दिलाउने अवस्थामा दुई वर्ष पछि उपदफा (२) वा (३) बमोजिमको सीमामा नबढाई बीउपुँजी अनुदान पुनः प्रदान गर्न सकिनेछ।

(५) यस दफा बमोजिम उपलब्ध गराइएको बीउपुँजी अनुदान संस्थाले आफ्नो जगेडा कोषमा राखी परियोजनाको उद्देश्य बमोजिम स्थिर वा कार्यशील पुँजीका साथै व्यवसाय सञ्चालन खर्च व्यहोर्ने गरी उपयोग गर्न सक्नेछ।

**३१. पुंजीगत अनुदान प्रदान गर्न सक्नेः-**

(१) नियम ३३ को उप-नियम (३) को खण्ड (क), (ख), (ग), (घ), र (ङ) मा उल्लिखित परियोजना सञ्चालन गर्न ओमसतिया गाँउपालिकाको आर्थिक विकास समितिको सहमतीमा सहकारी व्यवसाय प्रवर्द्धन समितिले स्थानीय सहकारी संघ वा संस्थाहरुलाई देहाय बमोजिम पुँजीगत अनुदान प्रदान गर्न सक्नेछः–

(क) अनुसूची-१६ मा उल्लिखित दुर्गम क्षेत्रका लागि कुल स्थीर पुँजीको आवश्यकता अनुसार असी प्रतिशत सम्म र

(ख) अन्य क्षेत्रको हकमा कुल स्थीर पुंजीको आवश्यकता अनुसार पचास प्रतिशत सम्म।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित सिमान्तकृत र अल्पसंख्यकहरू मात्र सम्मिलित संस्थाद्वारा सञ्चालित परियोजनाको हकमा उप-नियम (१) को खण्ड (क) बमोजिमको क्षेत्रमा पन्चानब्बे प्रतिशत सम्म र खण्ड (ख) बमोजिमको क्षेत्रमा पचहत्तर प्रतिशत सम्म पुँजीगत अनुदान प्रदान गर्न सकिनेछ।

(३) उप-नियम (१) बमोजिम कार्यान्वयन गर्न एक वर्ष भन्दा बढी अवधी लाग्ने प्रकृतिका परियोजना बहुवर्षीय रूपमा स्वीकृत गर्न सकिनेछ।

(४) उप-नियम (३) बमोजिम स्वीकृत गरिने बहुवर्षीय परियोजनाको अवधि, प्रदान गरिने वित्तीय अनुदानको भुक्तानी र तत्सम्बन्धी अन्य शर्तहरू परियोजनाको प्रकृति हेरी निर्देशन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) यस नियम बमोजिम प्रदान गरिएको पुँजीगत अनुदान संस्थाको जगेडा कोषमा राखी परियोजनाको पुँजीगत खर्चमा मात्र उपयोग गर्नु पर्नेछ।

**३२. कार्यक्रम अनुदान प्रदान गर्न सक्ने:-**

(१) ओमसतिया गाउँपालिकाले गाउँपालिकाको आर्थिक विकास समितिको सहमतिमा सहकारी व्यवसाय प्रवर्द्धन समितिले स्थानीय सहकारी संघ वा संस्थाहरूलाई वार्षिक बजेट र कार्यक्रममा समावेश गरी, गराई विभिन्न रचनात्मक कार्यक्रमहरु सञ्चालन गर्न कार्यक्रम अनुदान उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने अनुदानको रकम र प्रयोजन ओमसतिया गाँउपालिका, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र संघीय सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुदान प्रदान गर्दा ओमसतिया गाँउपालिकाको आर्थिक विकास समितिको सहमतिमा सहकारी व्यवसाय प्रवर्द्धन समितिले सम्बन्धित स्थानीय संघ वा संस्थाहरुसँगको समझदारी-पत्र (मेमोरेन्डम अफ अन्डरस्ट्यान्डिङ) मा अनुदानको लेखापालन, उपयोग र प्रगति प्रतिवेदनका शर्तहरू समेत तोक्नुपर्नेछ।

**३३. सदस्य केन्द्रित भई व्यवसाय सञ्चालन गर्नु पर्ने:-**

(१) यस नियमावली बमोजिमे अनुदान प्राप्त गर्ने संस्थाले सम्भव भए सम्म देहाय बमोजिम सदस्य केन्द्रित व्यवसाय सञ्चालन गर्नु पर्नेछः–

(क) उत्पादन मूलक संस्थाले सदस्यहरूको मात्र उपज खरिद गर्नुपर्ने,

(ख) उपभोक्ता संस्थाले सदस्यहरूलाई आवश्यक वस्तु वा सेवा मात्र विक्री गर्नुपर्ने,

(ग) रोजगारी मूलक संस्थाले सदस्यहरूलाई मात्र रोजगारी दिनुपर्ने,

(२) यातायात, शिक्षा र स्वास्थ्य सेवा जस्ता परियोजनाहरुको हकमा यो दफा लागू हुने छैन।

**३४. अनुदान उपलब्ध नगराइने:-**

(१) नियम ३४, ३५ र ३६ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा संघ वा संस्थालाई अनुदान उपलब्ध गराइने छैनः–

(क) वार्षिक साधारण सभा सम्पन्न नगरेको,

(ख) सञ्चालक समिति र लेखा समितिको नियमित रूपमा निर्वाचन नगरेको,

(ग) नियमित रूपमा वार्षिक लेखा परीक्षण नगराएको,

(घ) लेखा समितिको वार्षिक प्रतिवेदन पेश नभएको

(ङ) अघिल्ला वर्षहरुमा प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको,

(च) कार्यक्षेत्र भन्दा बाहिर गई कारोबार सञ्चालन गरेको,

(छ) कर चुक्ता प्रमाणपत्र नभएको,

(ज) संस्था दर्ता भएको कम्तिमा दुई वर्ष पूरा नभएको। तर बीउपुँजी र कार्यक्रम अनुदानको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न गरेपछि त्यस्तो अनुदान उपलब्ध गराउन सकिनेछ र आर्थिक वर्ष २०७७।०७८ सम्म नियम ३८ को उप-नियम (ज) लागु हुने छैन्।

(२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संघ वा संस्थाहरुले अनुदान प्राप्त गर्न सक्ने छैन। तर विषयगत सहकारी संस्थाहरु नभएको अवस्थामा कार्यक्रम अनुदान उपभोग गर्ने सक्नेछ।

## परिच्छेद - ८

### अनुदान प्रदान गर्ने प्रक्रिया

**३५. सूचना प्रकाशन गर्ने:-**

(१) प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र ओमसतिया गाँउपालिकाले सहकारी व्यवसाय प्रवर्द्धन समितिबाट तय भए बमोजिम वित्तीय अनुदानका लागि आयोजना प्रस्ताव पेश गर्न कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा पैंतीस दिनको अवधि दिई सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उप-नियम (१) बमोजिमको सूचना ओमसतिया गाँउपालिकाको वडा कार्यालयहरु र सहकारी संघहरुमा समेत जानकारी गराउनु पर्नेछ।

(३) उप-नियम (१) बमोजिमको सूचना ओमसतिया गाँउपालिका र सहकारी संघहरुको वेबसाइटमा समेत राख्नुपर्नेछ।

**३६. सोझै प्रस्ताव लिन सकिने:-**

दफा ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम ६ मा उल्लिखित वार्षिक बजेट र कार्यक्रममा समावेश भएका कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि ओमसतिया गाँउपालिकाको, आर्थिक विकास समितिले पन्ध्र दिनको समय दिई सोझै प्रस्ताव माग गर्न सक्नेछ।

**३७. दरखास्त पेश गर्नुपर्ने:-**

यस नियमावली बमोजिम अनुदान उपयोग गर्न चाहने संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी नियम ३९ बमोजिम प्रकाशित सूचनामा दिइएको अवधि भित्र अनुसूची-१२ बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनुपर्नेछः–

(क) संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) कर चुक्ताको प्रमाण-पत्र,

(ङ) परियोजनाको प्रस्तावना-पत्र,

(च) साधारण सभाबाट परियोजना, आयोजना, योजना र कार्यक्रमहरुको प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्ने गरिएको निर्णयको प्रतिलिपि,

(छ) सञ्चालक समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्बर खुलेको विवरण,

(ज) पचास लाख रुपैयाँ भन्दा माथिको कुल लागत भएको परियोजना भए विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र सो भन्दा कम लागत भएको परियोजना भए पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन,

(झ) जग्गा प्राप्त गर्नु पर्नेमा प्राप्तिको भरपर्दो व्यवस्था खुल्ने कागजात,

(ञ) परियोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पुँजीको श्रोत खुलेको कागजात,

(ट) अनुसूची-१३ बमोजिमको प्रस्तावना पत्रको विवरण।

**३८. प्रारम्भिक छानविन गर्ने:-**

(१) नियम ४१ बमोजिम प्राप्त दरखास्त उपर निर्देशन समितिले प्रारम्भिक छानविन गर्नेछ।

(२) उप-नियम (१) बमोजिम छानविन गर्दा निर्देशन समितिले अनुसूची-१४ बमोजिमको प्रारम्भिक जाँचसूचीको आधारमा कार्यालयमा उपलब्ध अभिलेख भिडाउनुका साथै स्थलगत निरीक्षण समेत गर्न सक्नेछ।

(३) उप-नियम (२) वमोजिम छानविन गर्दा उपदफा (२) बमोजिमको जाँचसूची मध्ये कुनैमा असफल भएको पाइएमा सम्बन्धित कार्यालयले त्यस्तो दरखास्त स्वीकृत नहुने व्यहोराको जानकारी सम्बन्धित संस्थालाई गराउनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम छानविन गर्दा यस नियमावली बमोजिम अनुदान उपलब्ध गराउन मिल्ने देखिएमा निर्देशन समितिले उप-नियम (२) बमोजिमको जाँचसूची सहित छनौटका कार्यक्रम तथा बजेट समेत प्रस्ताव गरी अनुदान उपलब्ध गराउन ओमसतिया गाउँपालिकाको, आर्थिक विकास समितिमा सिफारिस गर्नु पर्नेछ।

(५) दरखास्त छानविनका सिलसिलामा आवश्यक अन्य कुरा निर्देशन समितिले तोके बमोजिम हुनेछ।

**३९. प्रस्तावको मूल्याङ्कन गर्ने:-**

(१) नियम ४२ को उप-नियम (४) बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गरी सिफारिस गर्ने सहकारी व्यवसाय प्रर्वद्धन समितिमा देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछः–

(१) सहकारी व्यवसाय प्रर्वद्धन समितिको अध्यक्ष, संयोजक

(२) प्रतिनिधि, जिल्ला सहकारी संघ वा अन्य विषयगत संघ, सदस्य

(३) आर्थिक विकास समितिको शाखा प्रमुख, सदस्य-सचिव

(२) मूल्याङ्कन प्रयोजनका लागि आर्थिक विकास समितिले नियम ३९ बमोजिमको सूचनाको म्यादभित्र कार्यालयमा दर्ता भई त्यस्तो कार्यालयबाट नियम ४२ को उप-नियम (४) बमोजिम सिफारिस गरी पठाइएका सबै दरखास्तहरू प्राप्त भएको सुनिश्चित गर्नु पर्नेछ।

(३) मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन समितिले नियम ३२ को उप-नियम (२) बमोजिम छुट्ट्याइएको बजेटको सीमाभित्र रही प्रत्येक प्रस्तावलाई अनुसूची-१५ बमोजिमको आधारमा मूल्याङ्कन गरी अंक प्रदान गर्नु पर्नेछ।

**४०. परियोजना प्रस्तावको स्वीकृतिः-**

(१) नियम ४३ बमोजिम परियोजना प्रस्ताव मूल्याङ्कन समितिबाट सिफारिस भएको प्रस्ताव स्वीकृतिका लागि निर्देशन समितिको सदस्य सचिवले निर्देशन समिति समक्ष पेश गर्नुपर्नेछ।

(२) उप-नियम (१) बमोजिम प्राप्त परियोजना प्रस्तावमा विचार गरी निर्देशन समितिले स्वीकृति प्रदान गर्न सक्नेछ।

(३) उप-नियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वीकृतिका लागि प्राप्त आयोजना प्रस्ताव यस नियमावली बमोजिम भएको नदेखिएमा ओमसतिया गाँउपालिकाको कार्यपालिकाले देहाय बमोजिम गर्नेछः-

(क) तात्विक प्रकृयागत वा अन्य त्रुटि देखिएकोमा पुनःमूल्याङ्कनका लागि कुनै वा सबै प्रस्ताव निर्देशन समितिमा फिर्ता पठाउने वा

(ख) कार्यपालिकाले उपसमिति बनाई पुनरावलोकन गराउने।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निर्देशन समितिले आवश्यक देखेका उपयुक्त परियोजनाहरुलाई कुनै शर्त, बन्देज तोकी प्रस्ताव स्वीकृत गर्न सक्नेछ।

**४१. निर्देशन समितिको गठनः-**

(१) यस नियम बमोजिम योजना, आयोजना, परियोजना र कार्यक्रम संचालन गर्ने, गराउने प्रस्तावहरुको स्वीकृति गर्ने तथा तत् सम्बन्धमा आवश्यक निर्देशन एवं समन्वयका लागि ओमसतिया गाँउपालिकाको स्थानीय सहकारी ऐनको दफा ९० को उप दफा २ वमोजिमका सहकारी व्यवसाय प्रर्वद्धन समितिलाई यो नियमावली बमोजिमको निर्देशन समिति मानिनेछ।

(२) निर्देशन समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ।

(३) निर्देशन समितिले अनुदानको लागि स्वीकृत गरेका स्थानीय सहकारी संघ वा संस्थाहरुले संचालन गर्ने योजना, आयोजना, परियोजना र विभिन्न कार्यक्रमहरुको विवरण ओमसतिया गाँउपालिकाको आर्थिक विकास समितिको सचिवालयले कार्यपालिकाको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(४) निर्देशन समितिले अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक शर्त निर्धारण गर्न सक्नेछ।

**४२. जानकारी दिनुपर्नेः-**

(१) नियम ४४ को उपनियम (२) बमोजिम निर्देशन समितिबाट परियोजना प्रस्ताव स्वीकृत भएको विवरण प्राप्त भएपछि परियोजना प्रस्ताव स्वीकृत हुने संस्थालाई ओमसतिया गाँउपालिकाको आर्थिक विकास समितिले सम्बन्धित वडा कार्यालय मार्फत वा सोझै सम्बन्धित संस्थालाई सोको जानकारी दिनु पर्नेछ। त्यसरी परियोजना प्रस्ताव स्वीकृत भएको सूचना ओमसतिया गाउँपालिका लगायतका सम्वन्धित सहकारी संघहरुको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जानकारी गराउँदा कम्तीमा पन्ध्र दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत खुलाउनु पर्नेछ। तर कुनै विशेष अवस्था परी केही दिन ढिलो भए तापनि सम्झौता गर्ने अधिकारीलाई सो विशेष परिस्थिति परेको भन्ने आधार मुनासिव लागेमा सम्झौता गर्न बाधा पर्ने छैन।

**४३. सम्झौता गर्नुपर्नेः-**

यस नियमावली बमोजिम स्थानीय सहकारी संघ वा संस्थाहरुलाई अनुदान प्रदान गर्दा ओमसतिया गाँउपालिकाको आर्थिक विकास समितिको सहमतिमा सहकारी व्यवसाय प्रर्वद्धन समितिले तोकेको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

**४४. भुक्तानी विधिः-**

(१) यस नियमावली बमोजिम संस्थालाई उपलब्ध गराइने वित्तीय अनुदानको रकम देहाय बमोजिम भुक्तानी गर्न सकिनेछः–

(क) सम्झौता भएपछि ५०% (पचास) प्रतिशत सम्म र

(ख) खण्ड (क) बमोजिम प्राप्त रकमको खर्चको फाँटबारी र निर्माण कार्यको हकमा रनिङ बिल सहितको अन्तरिम प्रतिवेदन प्राप्त भएपछि बाँकी रकम।

(२) उपनियम (१) बमोजिम संस्थालाई प्रदान गरिने रकम अनुदान उपलब्ध गराउन सम्झौता गर्ने कार्यालय ओमसतिया गाँउपालिका बाट भुक्तानी दिइनेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले परियोजना सञ्चालन गर्दा आवश्यक पूर्वतयारी पूरा गर्नुपर्नेमा त्यस्तो पूर्वतयारी पूरा नगरेसम्म र निर्देशन समितिले नियम ४४ को उपनियम (४) बमोजिम कुनै शर्त बन्देज तोकेकोमा त्यस्तो शर्त बन्देज पालना नगरेसम्म कुनै पनि रकम प्रदान गरिने छैन
।

**४५. सार्वजनिक खरिद ऐन लागू हुनेः-** यस नियमावली बमोजिम संस्थाले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

**४६. वित्तीय अनुदानको सदुपयोग गर्नुपर्नेः-**

(१) संस्थाले वित्तीय अनुदानको रकम नियम ३४, ३५ र ३६ बमोजिम आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ।

(२) संस्थाले उप-नियम (१) बमोजिम आम्दानी बाँधिएको वित्तीय अनुदानको रकमको उपयोग खुल्ने गरी श्रेस्ता राखी अद्यावधिक गर्नु पर्नेछ।

**४७. प्रतिवेदन दिनुपर्नेः-**

संस्थाले यस नियमावली बमोजिम प्राप्त गरेको वित्तीय अनुदानबाट सम्पन्न गरेका कार्य, खर्च र प्रतिफल सहितको विवरण देहायको अवधि भित्र अनुदान उपलब्ध गराउन ओमसतिया गाँउपालिकाको आर्थिक विकास समितिको सचिवालयमा पेश गर्नु पर्नेछः–

(क) पहिलो अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अगावै,

(ख) वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र र

(ग) परियोजनाको प्रतिफल र उपलब्धी सहितको अन्तिम प्रतिवेदन परियोजना सम्पन्न भएको एक वर्षभित्र।

**४८. अनुगमन गर्नुपर्नेः-**

(१) ओमसतिया गाँउपालिकाको निर्देशन समितिले यस नियम बमोजिम अनुदान प्रदान गरिएका परियोजनाको नियमित रूपमा अनुगमन गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम निर्देशन समितिबाट हुने अनुगमनका अतिरिक्त आवश्यकता अनुसार ओमसतिया गाँउपालिकाले समेत अनुगमन गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम गरिने अनुगमनको प्रतिवेदन संघीय सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रादेशिक भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र ओमसतिया गाँउपालिकाको आर्थिक विकास समितिले तोकेको ढाँचामा दिनुपर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम गरिने अनुगमनको कार्यमा संस्थाले आवश्यक सहयोग गर्नुपर्नेछ।

**४९. अनुदान रोक्का गर्न सक्नेः-**

(१) नियम ५२ बमोजिम अनुगमन गर्दा संस्थाले प्राप्त वित्तीय अनुदानको सदुपयोग नगरेको वा सम्झौताको कुनै शर्त पालना गरेको नपाइएमा अनुगमन प्रतिवेदनको सिफारिसको आधारमा निर्देशन समितिले मुनासिब समय दिई देहाय बमोजिम गर्न सक्नेछः-

(क) उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

(ख) अधुरो निर्माण कार्य सुचारु गर्न लगाउने र

(ग) सम्झौताको शर्त पालना नभएकोमा पालना गर्न लगाउने।

(२) उप-नियम (१) बमोजिम दिइएको समयभित्र संस्थाले आवश्यक सुधार नगरेमा निर्देशन समितिले आवश्यक सुधार गरेपछि फुकुवा गर्ने गरी बाँकी किस्ताको भुक्तानी रोक्का राख्न सक्नेछ।

(३) उप-नियम (२) बमोजिम कार्यालयले किस्ता रोक्का राखेको वा फुकुवा गरेको जानकारी ओमसतिया गाँउपालिकाको आर्थिक विकास समितिको सचिवालयले कार्यपालिकालाई जानकारी दिनुपर्नेछ।

**५०. असूल उपर गरिने:-**

नियम ५२ बमोजिम अनुगमन गर्दा यस नियमावली बमोजिम संस्थालाई प्रदान गरिएको वित्तीय अनुदानको रकम कुनै किसिमले दुरुपयोग गरिएको पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने संस्थाका सदस्य तथा पदाधिकारीको घर घरानाबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

**५१. सफाई पेस गर्ने मौका दिनुपर्ने:-**

नियम ५३ बमोजिम अनुदान रोक्का राख्नुपर्दा वा नियम ५४ वमोजिम रकम असुल उपर गर्नुपर्दाको अवस्थामा सम्वन्धित संस्थालाई सफाई पेश गर्ने मुनासिब माफिकको समय दिनुपर्नेछ।

**५२. वित्तीय अनुदानको लेखापरीक्षण:-**

(१) संस्थाले यस नियमावली बमोजिम प्राप्त वित्तीय अनुदानको लेखापरीक्षण संघीय सहकारी ऐन, २०७४ को दफा ७५ तथा स्थानीय सहकारी ऐन २०७५ को दफा ५४ मा भएको व्यवस्था वा उक्त ऐन कार्यन्वयनका लागी निर्माण गरिएको नियमावली, निर्देशिका आदि बमोजिम गराउनु पर्नेछ।

(२) उप-नियम (१) बमोजिम लेखापरिक्षण गराउने प्रयोजनका लागि संस्थाले प्राप्त रकमको श्रेस्ता तथा बिल भरपाईहरू यस नियमावली बमोजिम अलग्गै रूपमा सुरक्षित राख्नु पर्नेछ।

(३) उप-नियम (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन संस्थाले साधारण सभाबाट स्वीकृत भएपछि निर्देशन समिति वा ओमसतिया गाँउपालिकाको आर्थिक विकास समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(४) उप-नियम (१) बमोजिम सम्पन्न लेखापरीक्षण त्रुटीपूर्ण रहेको भनी उजुरी परेमा निर्देशन समितिले तत्सम्बन्धमा छानबिन गरी संस्थालाई पुनः लेखापरीक्षण गराउन निर्देशन दिन सक्नेछ।

**५३. साधारण सभालाई जानकारी गराउनु पर्ने:-**

यस नियमावली बमोजिम अनुदान प्राप्त भए पछि संस्थाले लगत्तै बस्ने साधारण सभामा सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ।

**५४. स्थानीय वडा कार्यालय सँगको समन्वय:-**

(१) कार्यालयले आफ्नो क्षेत्राधिकार भित्र यस नियमावली बमोजिम स्वीकृत भएको वित्तीय अनुदानको रकम र प्रयोजन समेत खोली त्यस्तो अनुदान प्राप्त गर्ने संस्थाहरूको विवरण सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(२) संस्थाले नियम ५१ बमोजिम कार्यालयमा पेश गर्ने प्रतिवेदनको एक प्रति सम्बन्धित वडा कार्यालयमा समेत पठाउनु पर्नेछ।

(३) सम्बन्धित वडा कार्यालयले उप-नियम (२) बमोजिम प्राप्त प्रतिवेदन समेतका आधारमा संस्थाले सञ्चालन गरेको योजना, आयोजना, परियोजना र विभिन्न कार्यक्रमहरुको नियमित अनुगमन र कार्यान्वयनमा समन्वय गर्नुपर्नेछ।

(४) अनुदान प्राप्त गर्ने संस्थाहरूले प्राप्त अनुदानबाट गरेका कार्यहरू वार्षिक साधारण सभाबाट अनुमोदन गरी सोको एक प्रति आर्थिक विकास समितिको सचिवालय र सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

**५५. विवरण सार्वजनिक गर्नुपर्ने:-**

(१) संस्थाले निर्देशन समितिबाट प्राप्त गरेको वित्तीय अनुदानको प्रयोजन समेत खुल्ने विवरण र खर्चको फाँटवारी परियोजना स्थल वा संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीका लागि प्रस्टसँग पढ्न सकिने गरी सूचना पाटीमा लेखी सार्वजनिक गर्नु पर्नेछ।

(२) उप-नियम (१) बमोजिम सार्वजनिक गरिने विवरणमा परियोजनाको स्वीकृत प्रस्ताव बमोजिम निर्देशन समितिका साथै संस्थाको प्रयोजनगत योगदान र अद्यावधिक खर्चका महलहरू राख्नु पर्नेछ।

**५६. प्रवर्द्धन वा पुनः सञ्चालनका लागि अनुदान दिन सकिनेः-**

(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ओमसतिया गाँउपालिकाको आर्थिक विकास समितिको विशेष प्राथमिकताको लक्षित कार्यक्रम अन्तर्गत प्रवर्द्धन गरिने संस्थाका साथै पुराना साझा (सहकारी) संस्थाको सम्पत्तिको संरक्षण र उपयोग गरी पुनः सञ्चालन गर्ने सिलसिलामा स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था गरी आवश्यक कार्यक्रम अनुदानहरु प्रदान गर्न सकिने छ।

(२) उप-नियम (१) बमोजिम प्रदान गरिने अनुदानको रकम र प्रयोजन स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ।

(३) उप-नियम (१) बमोजिम प्रदान गरिने अनुदानका सम्बन्धमा अन्य व्यवस्था सहकारी व्यवसाय प्रर्वद्धन समितिले तोके बमोजिम हुनेछ।

**५७. प्रतिवेदन प्रकाशन गर्नु पर्नेः-**

निर्देशन समितिले यस नियमावली बमोजिम प्रदान गरिएको वित्तीय अनुदानको प्रतिफल समेत झल्कने गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ।

## परिच्छेद -९
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धीः

**५८. स्थानीय सहकारी संघ वा संस्थाहरुले स्वास्थ्य संस्था स्थापना र सञ्चालन गर्न सक्नेः-**

संघीय सहकारी ऐनको दफा २१ उपदफा (३) तथा स्थानीय सहकारी ऐनको दफा १२ को उपदफा (२) कार्यन्वयनका लागी स्थानीय सहकारी ऐनको दफा ११ को उपदफा (२) (ख) तथा स्थानीय सहकारी नियमावलीको नियम ९. को उपनियम (ख) र स्थानीय सरकार सञ्चालन २०७४ को दफा २५ को उपदफा (१) को व्यवस्था बमोजिम सदस्यहरुको जीवनयापनमा सघाउ पुऱ्याउन आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि हासिल गर्न स्थानीय सहकारी संघ वा संस्थाहरुले सबैको स्वास्थ्य जीवन र चिरायुको लागी मातृ मृत्युदर घटाउन स्वास्थ्य क्षेत्र सुधारको काम कार्यहरु गर्न सक्नेछः-

**१. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्डः-**

**(१) अस्पतालः-** गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योग ध्यान लगायतका रोकथाम मुलक र वैकल्पिक चिकित्सा सेवा को प्रर्वद्धनका लागि ओमसतिया गाँउपालिका वा ट्रष्टहरु सँगको साझेदारीमा स्थानीय सहकारी संघ वा संस्थाहरुले आयूर्वेद तथा प्राकृतिक चिकित्सालयको स्थापना तथा सञ्चालन गर्नुपर्नेछ।

**२. स्थानीय सहकारी संघ वा संस्थाहरुले अस्पताल संचालन गर्न सक्ने।**

(१) ओमसतिया गाँउपालिकाको क्षेत्रभित्र स्थानीय सहकारी संघ वा संस्थाहरुले १५ शैय्या सम्मको अस्पताल संचालन गर्ने अनुमति गाउँपालिकाले दिन सक्नेछ।

(२) उप-नियम (१) बमोजिम अस्पताल संचालन गर्न चाहने सहकारी संघ वा संस्थाहरुले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी नियमावलीमा तोकिएको मापदण्ड अनुसार अस्पताल संचालनको स्वीकृति प्रदान गर्न कार्यपालिकालाई सिफारिस गर्नेछ।

(४) उप-नियम (३) को आधारमा कार्यपालिकाले तोकिएको मापदण्ड पुरा गरेमा यस्तो अस्पताल संचालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि गाउँकार्यपालिकामा निवेदन दिनु पर्नेछ।

(६) उप-नियम (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमति प्रदान गर्नेछ।

**३. अस्पताल संचालन गर्न आवश्यक मापदण्ड: गाउँपालिकाको स्वीकृतिमा संचालन हुने १५ वेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।**

**(१) जनशक्तिः-** कम्तिमा १ जना एम.वि.वि.एस डाक्टर, कम्तिमा २ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी,

**(२) भवन तथा कोठाः-** दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, आदि,

**(३) उपकरण र पूर्वाधारः-** सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्सा जन्य फोहोर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

**४. पोलिक्लिनिक संचालनको अनुमतिः-**

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा स्थानीय सहकारी संघ वा संस्थाहरुले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृति दिनुपर्नेछ ।

(२) स्थानीय सहकारी संघ वा संस्थाहरुले पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

**५. प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः-**

स्थानीय सहकारी संघ वा संस्थाहरुले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र,

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात,

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र,

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार,

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण ।

**६. फार्मेसी संचालनको अनुमतिः-**

(१) गाउँपालिका क्षेत्र भित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त ब्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमति दिनुपर्नेछ ।

**७. मापदण्ड पुरा नगरेमा सजाय हुनेः-**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने सञ्चालकलाई कालोसूचीमा राखी सो को जानकारी आमजनतालाई दिइने ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

**८. सहुलियत र छुटको ब्यवस्था गर्नुपर्नेः-**

स्थानीय सहकारी संघ वा संस्थाले ओमसतिया गाँउपालिका सहकार्यमा सञ्चालन भएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ।

९.स्थानीय सहकारी ऐन २०७५ को दफा १६ को उपदफा (ज) को व्यवस्था कार्यन्वयनको लागी नियम ३४, ३५ र ३६ को अनुदान सुविधाहरु उपभोग गर्नेछ।

## परिच्छेद -१०

### पूर्वाधार विकास सम्वन्धीः

**५९. स्थानीय सहकारी संघ वा संस्थाहरुले पूर्वाधार विकासका काम गर्न सक्नेः-**
संघीय सहकारी ऐनको दफा २१ उपदफा (६) तथा स्थानीय सहकारी ऐनको दफा १२ को उपदफा (५) बमोजिम र स्थानीय सरकार सञ्चालन २०७४ को दफा २५ को उपदफा (१) को व्यवस्था कार्यान्वियन गर्ने, गराउन सदस्यहरु तथा सम्वन्धित क्षेत्रका स्थानीय वासिन्दाहरुको जीवनयापनमा सघाउ पुर्‍याउन पूर्वाधार विकास गरी आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि हासिल गर्न स्थानीय सहकारी संघ वा संस्थाहरुले पूर्वाधार विकासका काम कार्यहरु गर्न सक्नेछः-

**(१) उप-समिति गठन सम्बन्धी व्यवस्थाः-** उप-समिति गठन देहाय बमोजिम गर्नु पर्नेछ।

(क) परियोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आम सदस्यहरुलाई सहभागी गरी, गराई सम्बन्धित परियोजना संचालन गर्न तिन देखि सात (३ देखि ७ जना) सदस्यीय परियोजना निर्माण उप-समिति गठन गर्नुपर्नेछ।

(ख) गाउँपालिका स्तरिय परियोजना सञ्चालनको लागि उप-समितिको गठन गर्दा सम्भव भएसम्म कार्यपालिका सदस्य वा गाउँपालिकाको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(घ) वडा स्तरीय परियोजना सञ्चालनको लागि उप-समिति गठन गर्दा सम्भव भएसम्म सम्वन्धित वडाको वडाध्यक्ष वा वडा सदस्य वा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(ङ) उप-समिति गठनको लागि बोलाईएको बैठकमा आमान्त्रित प्रतिनिधिले योजना, आयोजना, परियोजना एवं विभिन्न कार्यक्रमहरुको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी गराउनु पर्नेछ।

(ज) स्थानीय उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने परियोजनाहरु स्थानीय सहकारी संघ वा संस्थावाट कार्यान्वयन गर्न स्वीकृत भएमा सोही सहकारी संघ वा संस्थाबाट कार्यान्वयन गर्न, गराउन प्राथमिकता तथा प्रोत्साहित गरिनेछ।

(ञ) स्थानीय सहकारी संघ वा संस्थाले सम्झौता बमोजिम गर्नु पर्ने काम संघ वा संस्था आफैले गर्नु, गराउनु पर्नेछ।

(ट) कार्यालयले परियोजना सञ्चालन एवम कार्यान्वयनमा संलग्न उप-समितिको अभिलेख अनुसूची १८ बमोजिमको ढाँचामा व्यवस्थित गर्नु पर्नेछ।

**२. उप-समितिका सदस्यहरुको योग्यताः-** उप-समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनुपर्नेछ।

(क) सम्वन्धित परियोजना क्षेत्रको स्थायी वासिन्दा,

(ख) १८ वर्ष उमेर पुरा भएको,

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र

(घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्यौट गर्न बाँकी नरहेको।

**३. स्थानीय सहकारी संघ वा संस्थाको काम, कर्तब्य र अधिकारः-** स्थानीय सहकारी संघ वा संस्थाको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

(ख) सदस्यहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र कार्य शुरु गर्ने,

(घ) उप समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,

(ङ) उप-समितिका सदस्यहरुको क्षमता विकास गर्ने,

(च) सम्झौता बमोजिम कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,

(छ) योजना, आयोजना, परियोजना एवं विभिन्न कार्यक्रमहरुको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्यहरु गर्ने ।

**४. परियोजना कार्यान्वयनः-**

(१) ओमसतिया गाँउपालिकाले आर्थिक वर्ष शुरु भएको पैंतिस दिन भित्र स्थानीय सहकारी संघ वा संस्थाबाट संचालन हुने योजना, आयोजना, परियोजना र विभिन्न कार्यक्रमहरु पहिचान र छनौट गरी कार्यान्वयनको योजना बनाउनु पर्नेछ । स्थानीय सहकारी संघ वा संस्थालाई परियोजनाको ड्रईङ, डिजाईन र लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी स्थानीय सहकारी संघ वा संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) परियोजना कार्यान्वयनको लागि स्थानीय सहकारी संघ वा संस्था र ओमसतिया गाँउपालिका बीच अनुसूची १८ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(३) परियोजनाको प्रकृति हेरी ओमसतिया गाँउपालिकाले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा बस्तुगत) तोक्नु पर्नेछ ।

**५. परियोजना सम्झौताको लागि आवश्यक कागजातहरुः-**

(१) स्थानीय सहकारी संघ वा संस्थाले ओमसतिया गाँउपालिका सँग सम्झौता गर्दा तपसिलमा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछः-

(क) उप-समिति गठन गर्ने बैठकको निर्णयको प्रतिलिपि,

(ख) उप-समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि,

(ग) परियोजनाको लागत अनुमान विवरण,

(घ) परियोजना सम्झौताको लागि पदाधिकारीलाई अख्तियारी दिएको निर्णय,

(ङ) परियोजनाको कार्यान्वयनको कार्य तालिका,

**६. स्थानीय सहकारी संस्थाको क्षमता विकासः-**

(१) ओमसतिया गाँउपालिकाले परियोजनाको कार्यान्वयन अगावै स्थानीय सहकारी संघ वा संस्थाको पदाधिकारीहरुलाई निम्न विषयमा अभिमुखिकरण गर्नु पर्नेछः-

(क) स्थानीय सहकारी संघ वा संस्थाको काम, कर्तब्य र अधिकार,

(ख) सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र स्थानीय सहकारी संघ वा संस्थाको योगदान,

(ग) निर्माण सामाग्रीको गुणस्तर र परिमाण,

(घ) खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाकंन र अभिलेख व्यवस्थापन,

(ङ) कार्यान्वयन र अनुगमन प्रकृया,

(च) सार्वजनिक परीक्षण, परियोजनाको फरफारक र हस्तान्तर,

(छ) अन्य आवश्यक विषयहरु ।

**७. भुक्तानी प्रकृयाः-**

(१) परियोजनाको भुक्तानी दिंदा स्थानीय सहकारी संघ वा संस्थाको नाममा रहेको बैंक खाता मार्फत दिनु पर्नेछ ।

(२) उप-समितिलाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानी दिईनेछ,

(३) उप-समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नुपर्नेछ,

(४) परियोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ,

(५) परियोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै स्थानीय सहकारी संघ वा संस्थाले अनिवार्य रुपमा सम्भव भएसम्म गाउँपालिकाको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ।

(६) स्थानीय सहकारी संघ वा संस्थाले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची १७ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ।

(७) उप-समितिलाई सम्बन्धित कार्यालयले ड्इङ, डिजाइन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनेछ। आयोजना कार्यान्वयनको समयमा कुनै कारणबाट कार्यालयले प्राविधिक सेवा उपलब्ध गराउन नसकेमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमा भित्र रही उप-समितिले करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सेवा लिन सक्नेछ। तर, ड्इङ डिजाइन, लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन र भुक्तानी सिफारिसको कार्य सम्वन्धित वडा कार्यालयबाट हुनेछ।

(८) उप-समितिबाट निर्माण हुने परियोजनाहरूको गुणस्तर कायम गर्ने, गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि, प्राविधिक कर्मचारी, सम्वन्धित उप-समिति र अनुगमन समितिको हुनेछ।

(९) अनुकरणीय कार्य गर्ने उप-समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई सभाको निर्णय बमोजिम वार्षिक रूपमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ।

(१०) तोकिएको समयमा उप-समिति गठन हुन नसकेमा वा सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा ओमसतिया गाँउपालिकाले अन्य प्रकियाद्वारा काम गराउन सक्नेछ।

**८. निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्नेः-**

उप-समितिबाट सञ्चालन हुने परियोजना गुणस्तर सुनिश्चित गर्नु सम्वन्धित उप-समितिको कर्तव्य हुनेछ। गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्णरुपमा पालना गर्नु पर्नेछ।

**(क) निर्माण सामाग्रीको गुणस्तरः**- निर्माण सामाग्री ड्रइङ, डिजाईन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ।

**(ख) निर्माण विधि र प्रकृयाको गुणस्तरः**-निर्माण विधि र प्रकृया ओमसतिया गाउँपालिका सँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ।

**(ग) निर्माण कार्यको दिगोपनाः** स्थानीय सहकारी संघ वा संस्थाबाट कार्यान्वयन भएको परियोजनाको दिगोपनाको लागि स्थानीय सहकारी संघ वा संस्थाले आवश्यक व्यवस्था गर्नु पर्नेछ।

**(घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारीः**- स्थानीय सहकारी संघ वा संस्था मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यको लागि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र स्थानीय सहकारी संघ वा संस्थाको हुनेछ।

**(ङ) लगत राख्नु पर्नेः**-स्थानीय सहकारी संघ वा संस्थाबाट हुने कामको सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा सम्वन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ। त्यस्ता स्थानीय सहकारी संघ वा संस्थाको लगत राखी स्थानीय सहकारी संघ वा संस्थाको पदाधिकारीहरुलाई निश्चित समय सम्मको लागि अन्य परियोजना निर्माण समितिमा रही काम गर्न निषेध गनेछ।

**९. अनुगमन समितिको व्यवस्थाः-**

(१) परियोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न, गराउन स्थानिय सहकारी संघ वा संस्थाले सम्पादन गर्ने कार्यको अनुगमन गरी परियोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न सम्वन्धित सहकारी संघ वा संस्थाको लेखा तथा अनुगमन समितिले अनुगमनको कार्य गर्नु पर्नेछ।

(२) अनुगमन तथा लेखा समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

(क) परियोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

(ख) परियोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए, नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) आवश्यक अन्य कार्य गर्ने।

**१०. सहजीकरण र सहयोग गर्नु पर्नेः-**

स्थानीय सहकारी संघ वा संस्थाले परियोजनाको सुपरिवेक्षण, अनुगमन र निरीक्षण गर्न ओमसतिया गाँउपालिकाबाट आएको अनुगमन समिति, पदाधिकारी वा कर्मचारीहरुलाई आवश्यक विवरण उपलव्ध गराउने तथा परियोजना स्थल अनुगमनको लागि सहजिकरण एवं सहयोग गर्नु पर्नेछ।

**११. स्थानीय सहकारी संघ वा संस्थाको दायित्वः-**

स्थानीय सहकारी संघ वा संस्थाले ओमसतिया गाँउपालिकासँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा ओमसतिया गाँउपालिका ले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्व वहन गर्नु पर्नेछ।

(क) परियोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य,

(ख) परियोजना कार्यान्वयन बाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य,

(ग) अन्य परियोजनाहरु सँग अन्तर-सम्बन्ध कायम गर्नुपर्ने,

(घ) स्थानीय सहकारी संघ वा संस्थाले परियोजनाको फरफारकको लागि ओमसतिया गाँउपालिकामा कागजात पेश गर्दा अनुसूची १७ बमोजिमको ढाँचामा परियोजनाको भौतिक तथा वित्तीय प्रतिवेदन पेश गर्नु पर्नेछ।

**१२. मापदण्ड बनाउन सक्नेः-**

(१) परियोजनाको गुणस्तर सुनिश्चितताको लागि ओमसतिया गाँउपालिकाले अनुगमन तथा मूल्याङ्कन गरी सम्वन्धित स्थानीय सहकारी संघ वा संस्थालाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ।

(२) स्थानीय सहकारी संघ वा संस्थाबाट सञ्चालन हुने परियोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनको लागि ओमसतिया गाँउपालिकाले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागु गर्न सक्नेछ।

## परिच्छेद -११

### सामाजिक सुरक्षा भत्ता रकमको निकासा, वितरण तथा लेखापरीक्षण सम्वन्धी व्यवस्थाः

**६०. लाभग्राहीले पाउने सुविधाः-**

(१) लाभग्राहीहरुले पाउने सुविधा संघीय सरकारले तोकेको र ओमसतिया गाँउपालिकाले उपलब्ध गरेको विवरण अनुसार हुनेछ।

**६१. रकम निकासा तथा खर्चः-**

(१) ओमसतिया गाँउपालिकाले संघीय सरकारले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको आवधिक विवरण अनुसार भएको अधावधिक प्रविष्टि वा प्रमाणित विवरणको आधारमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट नियमानुसार चौमासिक निकासा प्राप्त गर्नेछ।

(२) प्राप्त निकासा रकम लाभग्राहीहरुलाई वितरण हुने सामाजिक सुरक्षा भत्ता बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन। साथै सामाजिक सुरक्षा भत्ता पाइरहेका लाभग्राहीहरुको लागि संघीय सरकारबाट प्राप्त भत्ता रकममा ओमसतिया गाँउपालिकाले आफ्नो कोषबाट कुनैपनि रकम थप गरी प्रदान गर्ने छैन। तर ओमसतिया गाँउपालिका वा स्थानीय सहकारी संघ वा संस्थाहरुले छुट्टै कोष स्थापना गर्न र थप सुविधा वितरण गर्न यस उपदफाले बाधा पुऱ्याउने छैन।

(३) निकासा लिएको रकम नियमानुसार खर्च गरी प्रचलित ऐन कानून बमोजिम लेखापरिक्षण गराउने जिम्मेवार ओमसतिया गाँउपालिकाको हुनेछ।

(४) सामाजिक सुरक्षा कार्यक्रमको लागी निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा फ्रिज भई संघीय कोषमा दाखिला हुनेछ। तर सम्वन्धित स्थानीय सहकारी संघ वा संस्थावाट कम्तिमा एक वर्ष पुरानो सम्वन्धित लाभग्राहीको खाता भएमा लाभग्राहीको खातामा आर्थिक वर्ष भित्र जम्मा भएको रकम फ्रिज हुनेछैन।

(५) ओमसतिया गाउँपालिकाले आफूलाई प्राप्त अनुदान रकम सम्बन्धित वडा कार्यालयबाट प्रविष्टि भएको एम.आइ.एस. लगतका आधारमा सम्वन्धित स्थानीय सहकारी संघ वा संस्थालाई चौमासिक रुपमा पेस्की उपलध गराउनेछ।

(६) सम्वन्धित स्थानीय सहकारी संघ वा संस्थाबाट अघिल्लो किस्ता वितरण गरेको प्रगति विवरण र्भपाइको एक प्रति प्राप्त भएपछि ओमसतिया गाँउपालिकाले सम्बन्धित स्थानीय सहकारी संघ वा संस्थालाई अर्को किस्ता रकम निकासा दनुपर्नेछ। अघिल्लो किस्ताको पेस्की फर्छ्यौट नभई अर्को किस्ता निकासा दिइने छैन।

(७) ओमसतिया गाँउपालिकाले सम्वन्धित स्थानीय सहकारी संघ वा संस्थाहरुलाई रकम निकासा दिंदा व्यवस्थापन सूचना प्रणाली (एम. आइ. एस.) को अनुमानित बजेट प्रतिवेदनको आधारमा दिनुपर्नेछ।

**६२. भत्ता रकम वितरण व्यवस्थाः–**

(१) ओमसतिया गाँउपालिकाले सम्बन्धित स्थानिय सहकारी संघ वा संस्था मार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ता भित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ता भित्र वितरण गरि सक्नुपर्नेछ।

(२) भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नुपर्नेछ वा निजको व्यक्तिगत नाममा सम्वन्धित स्थानीय सहकारी संघ वा संस्थामा खोलिएको सामाजिक सुरक्षा विशेष वचत खातामा उल्लेखित म्याद भित्र जम्मा गरिदिनुपर्नेछ। अन्य व्यक्तिलाई वितरण गरेको पाइएमा यसरी वितरण गर्ने र रकम बुझ्ने दुवैलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ। तर भत्ता खाईपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको महिना सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुत्तानी दिन र रातो कार्ड प्राप्त पूर्ण अपाङ्गको भत्ता निजले इच्छयाएको निजको संरक्षकलाई बुझाउन सकनेछ। साथै बालबालिकाको नामको रकम निजको आमा वा अभिभावकलाई बुझाउनुपर्नेछ।

(३) भत्ता पाउने व्यक्तिले सोही आर्थिक वर्ष भित्र रकम बुझिसक्नुपर्नेछ। तर स्थानीय सहकारी संघ वा संस्थामा खातावाट भुत्तानी पाउने लाभग्राहीले आनो खातामा जम्मा भएको रकम खाता निष्क्रिय नभएसम्म चाहेको समयमा झिक्न सक्नेछन।

## परिच्छेद -१२

ऋण तथा बाँकी बक्यौता असुली, लिलाम विक्री तथा असुली उपर स्वामित्व ग्रहण, कर्जा सूचना केन्द्र, संस्था एकिकरण वा विभाजन सम्वन्धि व्यवस्थाः

**६३. ऋण तथा बाँकी बक्यौता असुलीः–**

(१) संघीय सहकारी ऐनको दफा ७९ को (८) तथा स्थानीय सहकारी ऐनको दफा ५८ बमोजिम संस्था वा संघको ऋण र संघीय सहकारी ऐनको दफा ८३ तथा स्थानीय सहकारी ऐनको दफा ६१ बमोजिम संस्था वा संघको बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्दा संस्था वा संघले देहायका कार्यविधि अपनाउनु पर्नेछ।

(क) बाँकी बक्यौता तिर्न बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा पैंतीस दिनभित्र तिर्न बुझाउनु पर्ने रकम तिर्न, बुझाउन, आउनु र उक्त रकम तिरी बुझाइ सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी पूर्जी पठाउनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम म्याद पूर्जी जारी गरिएकोमा उक्त म्याद भित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइसकेको प्रमाण पेश नगरेमा निजको नाउँमा लिलाम विक्री गर्ने सूचना प्रकाशित गर्नु पर्नेछ।

(ग) धितो राखेको घर जगा-जमिन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्नु पर्नेछ।

(घ) धितो राखेको चल-अचल सम्पत्तिको लिलाम बिक्रीको सूचना प्रकाशित गर्नु पर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने साँवा, व्याज र हर्जानाको रकम समेत उल्लेख गरी सूचना प्रकाशित गरेको मितिले चल सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैंतीस दिन भित्र लिलाम बिक्रि गरी साँवा व्याज र हर्जनाको रकम असूल उपर गर्ने बारेको सूचना स्थानीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको कार्यालय, ओमसतिया गाँउपालिका र सम्बन्धित वडा कार्यालयमा टाँस गर्नुपर्नेछ। साथै ऋणीले तोकिएको अवधिमा साँवा व्याज र हर्जना तिर्न वुझाउन नआएमा सूचना प्रकाशित भएको मितिले १६औं वा ३६ औं दिनमा सम्बन्धित संस्थाले संस्थामा रहेको धितो लिलाम बिक्री गर्नेछ भने लिलाम बिक्री नभएमा संस्था स्वयंमले सकार गर्नेछ।

(ङ) लिलाम बिक्री गर्नुपर्व संस्थामा रहेको धितोको प्राविधिक मूल्याङ्कन गर्नुपर्नेछ।

(च) लिलाम विक्री गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समय भन्दा एक घण्टा अगाडि समाप्त गर्नुपर्नेछ तर लिलाम बिक्री हुने भनी तोकिएको दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम विक्री गर्नु पर्नेछ।

(छ) धितो लिलाम बिक्री को लागि सम्वन्धित वडाको प्रतिनिधि, ओमसतिया गाँउपालिकाको मालपोत हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक, सम्बन्धित संस्थाको व्यवस्थापक वा सञ्चालक समितिका पदाधिकारी मध्ये लिखत पत्र सहितको १ को उपस्थितिमा समितिले चलन चल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी शुरु गर्नुपर्नेछ। डाँक बोल्न उपस्थित भई डाँक वढावढ गर्ने व्यक्तिहरू मध्ये सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृति गर्नुपर्नेछ । तर, सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उप समितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैन।

(छ) डाँक बोल्न शुरु गरी बढाबढ गर्नेले डाँक अंक बोलेपछि विनियम र कार्यविधिले तोकेबमोजिमको ढाँचाको फाराममा निजले बोलेको अंक स्पष्ट खोली निजको सही छाप गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र ओमसतिया गाँउपालिका वा मातहतका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराई लिलाम बिक्री गर्नुपर्नेछ।

(३) लिखित रूपमा अनुरोध गर्दा पनि उपनियम (२) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधि खटी नआएमा उपस्थित प्रतिनिधि र ओमसतिया गाँउपालिका वा मातहतका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्री गर्नुपर्नेछ।

(४) बाँकी बक्यौता असुल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनुपर्नेछ। तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन।

**६४. लिलाम बिक्री स्थगित गर्न सक्ने**:–

लिलाम बिक्रीको सूचना प्रकाशित भैसकेपछि मुनासिव माफिकको कुनै कारण परी सो लिलाम बिक्री स्थगित गर्नु पर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्थाले त्यस्तो लिलाम बिक्री केही समयको लागि स्थगित गर्न सक्नेछ।

**६५. असुल उपर हुन नसकेको रकम अरू जायजेथाबाट असुल उपर गर्ने**:–

(१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट साँवा, व्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा बाँकी बक्यौता असुल उपर गर्नु पर्ने व्यक्तिको हक भोगको नेपाल अधिराज्य भरी जुनसुकै ठाउँमा रहेको सम्पत्तिबाट नियम ६७ को कार्यविधि अपनाई लिलाम बिक्री गरी असुल उपर गर्नुपर्नेछ।

(२) भूमि सम्वन्धी ऐन, २०२१ अनुसार मोही लागेको जग्गा वा जग्गाधनी र मोहीका बिच जग्गा बाँडफाड हुने व्यवस्था भई मोहीलाई जग्गाको स्वामित्व दिलाउने व्यवस्था भएको हुँदा त्यस्तो ऋणी मोहिको स्वामित्वमा आउने हक हिस्साबाट समेत लिलाम विक्री गरी असुल उपर गरिनेछ।

(३) मोहीले लिएको ऋणको हकमा निजले कमाएको वाली लिलाम बिक्री गरी साँवा, व्याज र हर्जानाको रकम असुल उपर गर्नुपर्नेछ।

(४) धितो तथा सुरक्षण विना स्वीकृत नियम बमोजिम लगानी भएको कर्जा असूल उपर गर्दा ऋणी सदस्य तथा व्यक्तिगत जमानीकर्ताको नेपाल भित्र रहेको हकभोग लाग्ने चल–अचल सम्पत्तिबाट असूल उपर गर्न सकिनेछ।

(५) उपनियम (१), (२), (३) र (४) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, व्याज र हर्जानाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ।

**६६. लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने**:-

(१) लिलाम बिक्रीको कार्य सकिना साथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मुल्यको दश प्रतिशत रकम उसै दिन धरौटीको रूपमा लिई राख्नु पर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले सात दिनभित्र बुझाइ सक्नु पर्नेछ। उक्त म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुने व्यहोराको कागज गराई राख्नु पर्नेछ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम उसै दिन नबुझाएमा निज पछि सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा सो जायजेथामा प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज समेत गरी दिनको लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

**६७. लिलाम बिक्री नभएमा जायजेथा सहकारी संस्थाको स्वामित्वमा रहने:-**

नियम ६७, ६८, ६९ र ७० बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयहरूले सहकारी संस्थाको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको श्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनुपर्नेछ ।

**६८. जायजेथा फिर्ता दिनुपर्ने:-**

नियम ७१ बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनुपर्ने साँवा र अघिल्लो दिन सम्मको ब्याज, हर्जाना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा फिर्ता दिनुपर्नेछ ।

**६९. कर्जा सूचना केन्द्र तथा कालो सूची सम्बन्धी व्यवस्था:-**

बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुको ऋण प्रवाहमा शुद्धता र उपयुक्तता कायम गर्ने प्रयोजनको लागि सो सम्बन्धी सूचना व्यवस्थापन र समय समयमा कर्जा नतिर्ने ऋणीहरुको कर्जाको सूचना प्राप्त गर्ने तथा कर्जा दुरुपयोग गर्ने ऋणीहरुको कालो सूची तयार गर्ने कामलाई नियमित तथा व्यवस्थित गरी एउटै स्थानबाट सूचना प्राप्त गर्ने, गराउने कार्य संघीय कानुनले तोकिए बमोजिम हुनेछ ।

**७०. सहकारी संस्थाको एकीकरण:-**

संघीय सहकारी ऐनको दफा ८७ को उपदफा (४) तथा स्थानीय सहकारी ऐनको ६५ बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरु एकीकरण गर्दा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र एक अर्का सँग जोडिएको हुनुपर्ने,

(ख) एकीकरण गर्दा साधारणतया मौजुदा संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तहको वडा, स्थानीय तह, जिल्ला वा प्रदेश वा बहुप्रदेश कायम हुनेछ ।

(ग) संघहरुको एकीकरण गर्दा बिषयगत कार्य मिल्नेगरी गर्नुपर्नेछ ।

(घ) एकीकरणमा सहभागी सहकारी संस्थाहरुले एकिकरण सम्बन्धी कार्यविधि तय गर्नुपर्नेछ ।

(ङ) एकीकरण हुने सहकारी संस्थाहरुलाई कार्यक्षेत्र र करमा विशेष सहुलियत दिन सकिने छ ।

**७१. सहकारी संस्थाको विभाजन:-**

संघीय सहकारी ऐनको दफा ८७ को उपदफा (४) तथा स्थानीय सहकारी ऐनको दफा ६५ बमोजिम संस्थाको विभाजन गरी दुई वा दुई भन्दा बढी संस्थाहरु कायम गर्दा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र स्थानीय तहको एक वडा भन्दा बढी हुनुपर्ने,

(ख) विभाजनको प्रकृयाबाट स्थानीयकरण गर्दा संस्थाहरुको कार्य सञ्चालनमा सदस्यहरुको सक्रिय सहभागिता तथा लोकतान्त्रिक नियन्त्रण कायम रहने अबस्था हुनुपर्नेछ ।

**७२. एकिकरण र विभाजनमा संघको भूमिका:-**

नियम ७४ र ७५ बमोजिम सहकारी संस्थाहरुको एकिकरण र विभाजन गर्नु पर्दा सम्बन्धित सहकारी संघले समन्वयकारी भुमिका खेल्नु पर्नेछ ।

**७३. कर्जा असुली न्यायाधीकरणको गठन:-**

बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको कर्जा असुलीमा शुद्धता र उपयुक्तता कायम गर्ने प्रयोजनको लागि संघीय कानुनले तोकिए बमोजिम हुनेछ ।

**७४. कर्जा असुली गर्ने उजुरी निवेदन सम्बन्धी प्रक्रिया:-**

(१) सहकारी संस्थाले आफूले असुलउपर गर्नुपर्ने रकम असुल उपर गर्न नसकेको खण्डमा असुल उपर गराइ पाउन देहायको म्यादभित्र न्यायाधीकरण समक्ष त्यस्तो रकम असुल उपर गराई पाउँन तोकिएको दस्तुर संलग्न राखी तोकिएको ढाँचामा उजुरी निवेदन दिनुपर्नेछ। तर त्यस्तो कर्जा असुलउपर गर्ने सिलसिलामा सहकारी संस्थाबाट यथेष्ट मात्रामा प्रयास तथा कारबाई भएको र असुल उपर हुन नसकेको हुनुपर्नेछ।

(क) यो नियम प्रारम्भ हुँदाका बखत भाखा नाघी सकेका कर्जाहरुको हकमा यो ऐन प्रारम्भ भएको मितिले तीन वर्ष भित्र।

(ख) यो नियम प्रारम्भ भएपछि भाखा नाघेका कर्जाको हकमा त्यसरी भाखा नाघेको मितिले तीन वर्ष भित्र।

(२) उप-नियम (१) बमोजिम निवेदन दिंदा सम्वन्धित सहकारी संस्थाले दाबी गरेको रकमको ०.२५ प्रतिशतले हुन आउने रकम समेत कर्जा असुली शुल्कबापत अग्रिम रुपमा न्यायाधिकरण समक्ष बुझाउनु पर्नेछ।

(३) उप-नियम (१) बमोजिमको निवेदन कर्जाको भाखा नाघेको एक वर्षपछि चार वर्षभित्र दिनुपर्नेछ। तर यो नियमावली प्रारम्भ हुनुअघि पाँच वर्षभन्दा बढी अवधि भाखा नाघेको कर्जाका हकमा यो नियमावली प्रारम्भ भएको मितिले दुई वर्षभित्र निवेदन दिन सकिनेछ।

(४) उपनियम (१) बमोजिमको उजुरी-निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र न्यायाधिकरणले प्रतिवादीलाई आफ्नो सफाइको निमित्त सबुद प्रमाण सहित प्रतिउत्तर पेश गर्न पन्ध्र दिनको म्याद जारी गर्नु पर्नेछ र प्रतिवादीले सो अवधि भित्र प्रतिउत्तर–पत्र दाखिला गर्नु पर्नेछ। तर काबू बाहिरको परिस्थिति परी सो म्यादभित्र प्रतिवादीले प्रति–उत्तरपत्र पेश गर्न नसकी सोको कारण खोली त्यसपछिको पन्ध्र दिनभित्र निवेदन दिएमा र त्यस्तो निवेदनको व्यहोरा मनासिब देखिएमा न्यायाधिकरणले पन्ध्र दिन सम्मको म्याद थप गर्न सक्नेछ।

**७५. जमानत दिने व्यक्तिको दायित्व:-**

(१) ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हद सम्म मात्र सीमित रहनेछ।

(२) प्रचलित कानुनको अधीनमा रही उपनियम (१) बमोजिमको दायित्व जमानत दिने व्यक्तिबाट सोझै असुल उपर गर्न सकिनेछ।

## परिच्छेद -१३

प्रमुख प्रशासकीय अधिकृत र लिक्वीडेटरको काम, कर्तव्य र अधिकार, वचत तथा कर्जा सुरक्षण कोष र निरक्षण तथा अनुगमन सम्वन्धि व्यवस्था:

**७६. लिक्वीडेटर नियुक्ति:-**

संघीय सहकारी ऐनको दफा ८९ को उपदफा (२) तथा स्थानीय सहकारी ऐनको दफा ६७ को उपदफा (२) बमोजिम रु. ५०,००,०००।– अक्षरुपी (पचास लाख) सम्मको सम्पत्ति भएको संस्थाको हकमा प्रमुख प्रशासकीय अधिकृतले आफु मातहतका अधिकृत वा कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ।

**७७. लिक्वीडेटरको काम कर्तव्य र अधिकार:**

(१) संघीय सहकारी ऐनको दफा ८९ तथा स्थानीय सहकारी ऐनको दफा ६७ अन्तर्गत नियुक्त लिक्वीडेटरको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) विघटन भएका संस्था वा संघबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नको लागि सो संस्था वा संघ वा हालवाला वा साविक वाला सदस्यहरू वा मृत सदस्यहरूको जायजेथाबाट बाँकी रकम नियम ६७, ६८, ६९ र ७० को कार्यविधि अपनाई असुल उपर गर्ने।

(ख) विघटन भएका संस्था वा संघसँग कुनै साहुको कुनै रकम बाँकी राखेको रहेछ र सो कुरा संस्था वा संघको वा संघकै हिसाब किताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्याद भित्र सो रकमको दावा गर्न आउनु भनी वा सो बाँकी लागेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस् भनी दाबा गर्न आउनु भनी सूचना गर्ने।

(ग) साहुहरू मध्ये कसलाई प्राथमिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने।

(घ) संस्था वा संघ विघटन गर्ने सिलसिलामा, संस्था वा संघको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने।

(ङ) प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई संस्था वा संघले गरेको वा संस्था वा संघको विरुद्धमा गरिएको दावीको सम्बन्धमा दुवै पक्ष बीचमा मिलापत्र गराउने।

(च) विघटनको लागि आवश्यक देखेमा सदस्यहरूको बैठक बोलाउने ।

(छ) संस्था वा संघको खातावही, कागजात, लिखत र जायजेथाको जिम्मा लिने ।

(ज) संस्था वा संघको सम्पत्ति वेचविखन गर्ने ।

(झ) सरोकारवालाहरुसँग समेतको परामर्शमा संस्था वा संघको जायजेथा वितरण गर्ने योजना तयार गरी त्यसको वितरण गर्ने ।

(२) उपनियम (१) बमोजिमको अधिकारहरूको प्रयोग गर्दा लिक्वीडेटरले आवश्यक सम्झेमा संस्था वा संघको गठन, काम, कर्तव्य, सम्पत्ति वा अन्य कुराहरूको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष, विपक्ष, साक्षीहरू र संस्था वा संघको कुनै कर्मचारीलाई आफू समक्ष उपस्थित गराइ सोधपुछ गर्न सक्नेछ ।

**७८. लिक्वीडेशन नियन्त्रण गर्ने प्रमुख प्रशासकीय अधिकृतको अधिकारः-**

नियमावली ८१ बमोजिमको अधिकार प्रयोग गरी लिक्वीडेटरले गरेको कामलाई प्रमुख प्रशासकिय अधिकृतले दोहोर्‍याई हेरी देहाय बमोजिम गर्न सक्नेछः-

(क) निर्देशन विपरित लिक्वीडेटरले जारी गरेको आदेश खारेज गर्न, बदल्न वा आवश्यकता अनुसार अर्को आदेश जारी गर्न,

(ख) संस्था वा संघको खातावही, कागजात, लिखत र जायजेथाहरू पेश गराउन,

(ग) नियम ७८ बमोजिमको लिक्वीडेटरको अधिकारमा आफूलाई उपयुक्त लागेको हद बन्देज तोकिदिन,

(घ) लिक्वीडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन,

(ङ) संस्था वा संघको जायजेथा वितरण गर्ने अधिकार दिन,

(च) लिक्वीडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन, र

(छ) लिक्वीडेटरलाई पदबाट हटाई अर्को नियुक्त गर्न ।

**८९. लिक्वीडेशन कामको समाप्तिः-**

(१) संघीय सहकारी ऐनको दफा ४७ तथा स्थानीय सहकारी ऐनको दफा ६६अन्तर्गत दर्ता खारेज गरिएको कारण विघटन भएको संस्था वा संघको कोषबाट देहाय बमोजिमको प्राथमिकता क्रम अनुसार देहायमा लेखिएका कामको लागि खर्च गर्न सकिनेछः-

(क) विघटनको कामको निमित्त भएका खर्चहरू फछ्र्यौट गर्न,

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न,

(ग) कर्मचारीको तलब भत्ता दिन,

(घ) ऋण भुक्तानी गर्न,

(ङ) अन्य भुक्तानी दिनु पर्ने रकमहरू दिन,

(च) शेयर पुँजी फिर्ता दिन,

(छ) लाभांश नबाँडिएको समय जतिको हकमा प्रति वर्ष शेयर पुँजीको अठार प्रतिशतका दरमा नबढ्ने गरी लाभांश वितरण गर्न ।

(२) कुनै संस्था वा संघको विघटनको काम समाप्त भै सकेपछि पनि सो संस्था वा संघको कुनै साहूले वितरणको योजना अनुसार पाउनु पर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिना भित्र उक्त संस्था वा संघको कोष उपर त्यस्तो साहूले आफूले पाउनु पर्ने रकमको निमित्त दाबी गरिसक्नु पर्नेछ । सो म्याद नाघेपछि परेका दावी उपर कुनै कारवाही हुने छैन ।

**८०. लिक्वीडेशन पछिको सम्पत्तिको उपयोगः-**

संघीय सहकारी ऐनको दफा ९१ तथा स्थानीय सहकारी ऐनको दफा ६८ बमोजिम सहकारी संस्थाको लिक्वीडेशन पश्चात बांकी रहन गएको सम्पत्तिको उपयोग देहायबमोजिम हुनेछ ।

(क) सम्बन्धित सहकारी संस्थाले विनियममा भएको व्यवस्था बमोजिम बाँकी भएको सम्पत्तिको उपयोग गर्न सकिनेछ ।

(ख) खण्ड (क) बमोजिम विनियममा व्यवस्था नभएको अवस्थामा सम्बन्धित सहकारी संस्थाको बहुमत सदस्यको निर्णय बमोजिम सम्पत्तिको उपयोग गर्न सकिनेछ ।

**८१. प्रमुख प्रशासकीय अधिकृतको काम कर्तव्य र अधिकारः-**

संघीय सहकारी ऐनको दफा ९३ तथा स्थानीय सहकारी ऐनको दफा ७० बमोजिम प्रमुख प्रशासकीय अधिकृत वा निजवाट अधिकार प्राप्त अधिकारीको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारी संस्था दर्ता गर्नको लागि परेको दरखास्त उपर आवश्यक जाँचबुझ गरी सहकारी संस्था दर्ता गर्ने र दर्ताको प्रमाणपत्र दिने,

(ख) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाले आनो कार्य संचालन गर्न बनाएको विनियम स्वीकृत गर्ने र विनियमको संशोधन प्रस्तावलाई अभिलेखन गर्ने,

(ग) ऐन र यस नियमावलीको अधिनमा रही सहकारी संस्थाको निर्णय बमोजिम एकीकरण, विभाजन तथा कार्यक्षेत्र स्वीकृत गर्ने,

(घ) सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताब जाँच गर्ने गराउने र प्राप्त प्रतिवेदनको आधारमा आवश्यक निर्देशन दिने,

(च) तोकिएको अवधिभित्र लेखापरीक्षण नगराउने सहकारी संस्थाहरुको लेखापरीक्षण गराउन निर्देशन दिने,

(छ) ऐन तथा यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारहरू आवश्यकता अनुसार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्ने,

(ज) आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सहकारी संस्थाको वार्षिक निरीक्षण प्रतिवेदन ओमसतिया गाँउपालिका वा आर्थिक विकास समितिको सचिवालय वा सहकारी व्यवसाय प्रवर्द्धन समितिको सचिवालयमा पेश गर्ने,

(झ) ऐन, यस नियमावली र अन्तर्गत बनेका निर्देशिका, मापदण्ड, कार्यविधि तथा ओमसतिया गाँउपालिका, आर्थिक विकास समिति, सहकारी व्यवसाय प्रवर्द्धन समितिबाट प्राप्त निर्देशन बमोजिमका अन्य कार्यहरू गर्ने।

(ञ) संघीय सहकारी ऐनको दफा १५१ तथा स्थानीय सहकारी ऐनको दफा १०८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले सहकारी व्यवसाय प्रवर्द्धन समितिको निर्णयानुसार सहकारी संघ वा संस्थाको दर्ता गर्न, कार्य क्षेत्र विस्तार गर्न, कारोबारको नियमन गर्न, संचालन सम्बन्धी प्रकृयालाई व्यवस्थित गर्न संघहरुको समेत सहभागितामा मापदण्ड वा कार्यविधि बनाई लागु गर्न सकिनेछ।

**८२. सहकारी बचत तथा कर्जा सुरक्षण कोषको स्थापनाः-**

बचत तथा ऋण कारोवार गर्ने सहकारी संघ वा संस्थाहरुको कर्जा सुरक्षणमा सहजिकरण गर्न, गराउनको लागी सहकारी बचत तथा कर्जा सुरक्षण कोषको शुद्धता र उपयुक्तता कायम गर्ने प्रयोजन तथा कोष सञ्चालनको व्यवस्था संघीय कानुनले तोकिए बमोजिम हुनेछ।

**८३. बचत तथा कर्जा सुरक्षण व्यवस्थाः-**

बचत तथा कर्जा सुरक्षण कोषको शुद्धता र उपयुक्तता कायम गर्ने प्रयोजन तथा कोष सञ्चालनको व्यवस्था संघिय कानुनले तोकिए बमोजिम हुनेछ।

**८४.क्षतिपूर्तिको व्यवस्थाः**-बचत तथा कर्जा परिचालनार्थ क्षतिपूर्तिको व्यवस्था संघीय कानुनले तोकिए बमोजिम हुनेछ।

**८५. आपसी सुरक्षण सेवा सञ्चालनः-**

(१) संघीय सहकारी ऐनको दफा १०२ को उपदफा २ तथा स्थानीय सहकारी ऐनको दफा ७५ बमोजिम आपसी सुरक्षण सेवा सञ्चालन गर्ने संस्थाको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) संस्था दर्ता भएको कम्तीमा ३ वर्ष पुगेको हुनुपर्ने,

(ख) विगत ३ वर्ष देखि संस्था लगातार नाफामा सञ्चालन भएको हुनुपर्ने,

(ग) जगेडा कोषमा कम्तीमा रु. ५ लाख हुनु पर्ने,

(घ) शेयर पुँजी कम्तीमा रु. पचाश लाख हुनुपर्ने।

(२) आपसी सुरक्षण सञ्चालन सम्बन्धी अन्य व्यवस्था साधारण सभाबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

**८६. नेपाल राष्ट्र बैंकले निरीक्षण तथा हिसाबकिताब जाँच गर्न सक्नेः-**

संघीय सहकारी ऐनको दफा ९५ को उपदफा (२) तथा स्थानीय सहकारी ऐनको दफा ७१ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंकले दोहोरो नपर्ने गरी सहकारी बैंकको अतिरिक्त रु.२५ करोड भन्दा बढीको बचत तथा ऋणको कारोवार गर्ने सहकारी संघ वा संस्थाहरुको निरीक्षण वा हिसाब किताब जाँच गर्न, गराउन सक्नेछ।

**स्पष्टीकरण**:- यस नियमको प्रयोजनका लागि आर्थिक कारोबार भन्नाले सहकारी संस्थाको पछिल्लो आर्थिक वर्षको वासलातको जम्मा जायजेथाको रकम सम्झनुपर्छ।

**८७. निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था**:-

(१) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले दुई वर्ष भित्र र अन्य संस्थाले पाँच वर्षभित्र ओमसतिया गाँउपालिका वा सम्वन्धित मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भईसक्नु पर्नेछ।

(२) बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानी सम्बन्धमा ओमसतिया गाँउपालिका वा सम्वन्धित मन्त्रालयले तोकेको मापदण्डहरू पालना गर्नुपर्नेछ। ओमसतिया गाँउपालिका वा सम्वन्धित मन्त्रालयले मापदण्ड तयार गर्दा पर्ल्स अनुगमन प्रणालीलाई आधार बनाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम तोकिएका मापदण्डहरूको पालनाको अवस्था उपनियम (१) बमोजिमको सूचना प्रणालीका आधारमा ओमसतिया गाँउपालिकाको सहकारी व्यवसाय प्रवर्द्धन समितिले नियमित अनुगमन गरी पालना नभएको पाइएमा तत्काल निर्देशन दिनेछ।

(४) संघीय सहकारी ऐनको दफा ९९ उपदफा (१) बमोजिम सम्बन्धित सहकारी संस्थाको सदस्यता रहेको संघले सहकारी संस्थाको नियमित निरीक्षण तथा अनुगमन गरी प्रतिवेदन लिन सक्नेछन। यस बमोजिम गरिएको निरीक्षण अनुगमन प्रतिवेदन ओमसतिया गाँउपालिकाको सहकारी व्यवसाय पर्वद्धन समिति वा सम्बन्धित कार्यालयलाई पनि दिनु पर्नेछ।

(५) उपनियम (५) बमोजिम गरिएको निरिक्षण अनुगमन सम्बन्धी जवाफदेहिता सम्बन्धित संघको हुनेछ।

(६) उपनियम (५) बमोजिम गरिएको निरिक्षण अनुगमनलाई सहकारी व्यवसाय पर्वद्धन समितिले समय समयमा पुनः परीक्षण गर्न सक्नेछ।

(७) यस नियम बमोजिम हुने निरीक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था सहकारी व्यवसाय प्रर्वद्धन समितिबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

**८८. वार्षिक प्रतिवेदनमा समावेश हुनुपर्ने विवरण**:-

संघीय सहकारी ऐनको दफा १०० उपदफा (३) को खण्ड (ड) तथा स्थानीय सहकारी ऐनको दफा ७४ को उपदफा (२) (ण) बमोजिम प्रमुख प्रशासकीय अधिकृत वा दफा ९९ को उपदफा (२) तथा स्थानीय सहकारी ऐनको दफा ७१ बमोजिम संघले पेश गर्ने वार्षिक निरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने अन्य विषयहरू ओमसतिया गाँउपालिकाको सहकारी व्यवसाय प्रर्वद्धन समिति, कार्यपालिका र सम्वन्धित मन्त्रालयले तोके बमोजिम हुनेछ।

**८९. स्थिरीकरण कोष**:-

संघीय सहकारी ऐनको दफा १०३ को उपदफा ५ बमोजिम स्थिरीकरण कोष निर्माण गरी सञ्चालन गरिनेछ र ओमसतिया गाँउपालिका भित्रको बचत तथा ऋण सहकारीहरुलाई सम्भावित जोखिमवाट संरक्षण गर्न सम्वन्धित निकाय, मन्त्रालयहरु र नेपाल बचत तथा ऋण सहकारी केन्द्रीय संघले तोके बमोजिम हुनेछ।

**९०. प्रतिनिधि पठाउने व्यवस्था**:-

संघीय सहकारी ऐनको दफा १३६ को उपदफा (२) स्थानीय सहकारी ऐनको दफा ९७ बमोजिम संघको साधारण सभामा प्रतिनिधि पठाउँदा सम्वन्धित सहकारी संघको विनियममा निर्धारण गरिएबमोजिम सदस्य संस्थाका सदस्य संख्याको अनुपातको आधार लिइनेछ।

## परिच्छेद - १४

अन्तर सहकारी कारोवार, विवाद निरुपन, जरिवाना र प्रोत्साहन सम्वन्धि व्यवस्थाः

**९१. अन्तर-सहकारी कारोबार**:-

(१) संघीय सहकारी ऐनको दफा १४० तथा स्थानीय सहकारी ऐनको दफा १०१ बमोजिम अन्तर-सहकारी कारोबार गर्दा संलग्न संस्थाहरूको विनियममा निर्धारित सदस्यहरूको आवश्यकताको आधार लिएको हुनुपर्नेछ।

(२) संघले सदस्यस्तरका स्थानीय उत्पादनको मूल्य श्रृखला विकाससँग सम्बन्धित अन्तर सहकारी कारोबारलाई बढावा दिने गरी संयोजन गर्न सक्नेछ।

(३) अन्तर सहकारी कारोबारमा संलग्न विभिन्न संस्थाका सदस्यहरूबाट उत्पादित उपज अग्रणी संस्था (लिड को-अपरेटिभ) को अवधारणाबाट कुनै एक संस्था मार्फत सङ्कलन, प्रशोधन एवं बजारीकरण गर्ने व्यवस्था मिलाउने गरी एकीकृत योजना सञ्चालन गर्न सक्नेछन।

(४) सहकारी संघ वा संस्थाहरु बिच शेयर खरिद बिक्री, बचत स्वीकार तथा कर्जा लिन, दिन सकिनेछ।

(५) एक सहकारी संस्थाको सदस्यले नेपाल भरको अर्को कुनै सहकारी संस्थाबाट विद्युतीय प्रणाली मार्फत आफ्नो खातामा रकम जम्मा गर्न र आफ्नो खातामा रहेको बचत रकम झिक्न सक्ने गरि संस्थाहरूको बिचमा अन्तर-सहकारी कारोबार गर्न सकिनेछ।

**९२. विवाद निरूपण समितिको गठनः-**

संघीय सहकारी ऐनको दफा १४३ बमोजिम ओमसतिया गाँउपालिका भित्रका प्राम्भिक सहकारी संस्थाहरुको विवाद सामाधान नभएमा समस्या सामाधानका लागि विवाद निरुपण समितिको गठन देहायबमोजिम गरिनेछः-

(क) ओमसतिया गा.पा.को अध्यक्ष वा आर्थिक विकास समितिको संयोजक - संयोजक

(ख) जिल्ला सहकारी संघ लि.वा विषयगत सहकारी संघ लि.को प्रतिनिधि - सदस्य

(ग) आर्थिक विकास समितिको शाखा प्रमुख - सदस्य सचिव

**९३. जरिवाना सम्बन्धी कार्यविधिः-**

संघीय सहकारी ऐनको दफा १२५ को उपदफा (१) र (२) तथा स्थानीय सहकारी ऐनको दफा ८१ बमोजिम गरिने जरिवाना सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि ओमसतिया गाँउपालिका, आर्थिक विकास समिति मातहत सहकारी व्यवसाय प्रर्वद्धन समितिले वा सम्वन्धित विभाग वा मन्त्रालयको स्वीकृतिमा कार्यविधि बनाई कार्यान्वयन गर्नु पर्नेछ। यस्तो कार्यविधिमा सहकारी संस्थाको सदस्यता, कारोवारको आकार, भौगोलिक अवस्था, व्यवस्थापन क्षमता समेतलाई आधार मानी बस्तुपरक मापदण्ड सहित जरिवानाको रकम किटान गर्नु पर्नेछ।

**९४. प्रोत्साहन गर्ने व्यवस्थाः-**

(१) संघीय सहकारी ऐनको दफा १४४ बमोजिम ओमसतिया गाँउपालिकाले वार्षिक कार्यक्रममा व्यवस्था गरी सहकारी कर्मी र सहकारी संस्था वा निकायलाई कदर–पत्र, नगद पुरस्कार वा दुवै गरी सम्मान वा पुरस्कृत गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सम्मान वा पुरस्कृत गर्दा सहकारी कर्मी र सहकारी संस्था वा निकायहरूका लागि छुट्टाछुट्टै आधारहरू तय गरी स्वीकृत गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम प्रोत्साहन योग्य सहकारी कर्मी र सहकारी संस्था वा निकायको छनौट गर्न सहकारी व्यवसाय प्रर्वद्धन समितिले एक उप-समिति गठन गर्नेछ।

(४) उपनियम (३) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ।

(५) समृद्ध ओमसतिया निर्माण गर्नको लागी समाजवाद उन्मूख आर्थिक विकासका कार्यक्रमहरु तय गर्नमा सहयोग हुने गरी विभिन्न रचनात्मक कार्यक्रमहरु संचालन गर्नेछ।

**९५. अनुसूचीमा हेरफेर गर्न सक्नेः-**

संघीय वा प्रदेश सरकारले आवश्यकता अनुसार राजपत्र प्रकाशन गरी थपघट वा हेरफेर गरेका अनुसूचीहरू सोहीअनुसार कार्यान्वयन गर्नु पर्ने प्रत्येक संघ वा संस्थाहरुको दायित्व हुनेछ।

**९६. व्याख्या गर्ने अधिकारः-**

यस नियमको कार्यान्वयनका सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा नियमको भावना र मर्मको प्रतिकूल नहुने गरी ओमसतिया गाँउपालिकाको कार्यापालिकाले व्याख्या गर्नेछ।

**९७. खारेजी र बचाउः-**

(१) सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ संघीय सरकारले खारेजी गरेको छ।

(२) सहकारी संघ वा संस्थाहरुलाई उपलब्ध गराइने अनुदान एवं भन्सार महशुलमा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६८ संघीय सरकारले खारेज गरेको छ ।

(३) सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ वमोजिम भए गरेका कारोवार, व्यवसाय, उद्योग, परियोजना र कार्यक्रमहरु सम्पूर्ण यसै नियमावली वमोजिम भए गरेको मानिनेछ ।

(४) सहकारी संघ, संस्थालाई उपलब्ध गराइएको अनुदान एवं भन्सार महशुलमा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६८ बमोजिम भए गरेका कामकारवाही सम्पूर्ण यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

(५) संघीय सहकारी नियमावली र प्रादेशिक सहकारी नियमावली संग बाझिएको नियम तथा उपनियमहरु सोही बमोजिम लागु हुनेछ ।

**(नियम १५ सँग सम्बन्धित)**

**अनुसूची १**

**विनियममा उल्लेख गर्नुपर्ने विषयहरूः–**

| | |
|---|---|
| प्रस्तावनाः | (४२) संस्थाको कोष, |
| (१) संक्षिप्त नाम र प्रारम्भ, | (४३) कोषको सुरक्षा, |
| (२) संस्थाको नाम र ठेगाना, | (४४) कोषको उपयोग, |
| (३) परिभाषा, | (४५) जगेडा कोष, |
| (४) उद्देश्य, | (४६) संरक्षित पुँजी फिर्ता कोष, |
| (३) कार्य, | (४७) लाभांश वितरण नगरिने, |
| (६) कार्यक्षेत्र, | (४८) जगेडा कोषमा रकम सार्नुपर्ने, |
| (७) संस्थाको सदस्य, | (४९) बचत सङ्ढलन गर्न सक्ने÷नसक्ने, |
| (८) सदस्यताको योग्यता, | (५०) बचत सङ्कलनमा सीमा, |
| (९) सदस्यताका लागि निवेदन र प्राप्ति, | (५१) ऋण दिन सक्ने, |
| (१०) सदस्यताको अन्त्य, | (५२) ऋण प्रवाहमा सीमा, |
| (११) सदस्यको निष्कासन, | (५३) ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने, |
| (१२) सदस्यता बाट राजीनामा, | (५४) साधारण सभाको स्वीकृति लिनुपर्ने, |
| (१३) पुनः सदस्यता, | (५५) सदस्य केन्द्रीयता, |
| (१४) सदस्यको काम, कर्तव्य र अधिकार, | (५६) स्वार्थ बाझिने निर्णयमा सहभागिताको प्रतिबन्ध, |
| (१५) सदस्यता खुला रहने, | (५७) कर्मचारी सँगको कारोबारमा निर्बन्धन, |
| (१६) सदस्यता प्राप्ति, पुन प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने, | (५८) जोखिम मूल्याङ्ढन, |
| (१७) सेयर पुँजी, | (५९) कारोबार नगरिने, |
| (१८) सदस्य बन्न कम्तीमा एक सेयर खरिद गर्नुपर्ने, | (६०) कारोबारको लेखा, |
| (१९)थप सेयर खरिद गर्न सक्ने, | (६१) खाताबही, |
| (२०) सेयर फिर्ता वा हस्तान्तरण, | (६२) आन्तरिक हिसाब जाँच, |
| (२१) प्रवेश शुल्क, | (६३) वार्षिक हिसाब जाँच, |
| (२२) कृत्रिम छेकबार नलगाइने, | (६४) विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने, |
| (२३) सेयर प्रमाण–पत्र, | (६५) अन्य आधारभूत कागजात, |
| (२४) सदस्यको दायित्व सीमित हुने, | (६६) एकीकृत सूचना प्रणालीमा आबद्धता, |
| (२५) प्रारम्भिक साधारण सभा, | |

| | |
|---|---|
| (२६) वार्षिक साधारण सभा,<br>(२७) विशेष साधारण सभा,<br>(२८) साधारण सभाको बैठक,<br>(२९) साधारण सभाको काम, कर्तव्य र अधिकार,<br>(३०) साधारण सभाको निर्णय अनिवार्य हुने,<br>(३१) गाउँ टोल उपक्षेत्रीय बैठक,<br>(३२) सञ्चालक समिति,<br>(३३) समितिको बैठक,<br>(३४) समितिको काम, कर्तव्य र अधिकार,<br>(३५) लेखा सुपरिवेक्षण समिति,<br>(३६) उत्तरदायित्व श्रृखला,<br>(३७) अध्यक्षको काम, कर्तव्य र अधिकार,<br>(३८) व्यवस्थापकको नियुक्ति,<br>(३९) व्यवस्थापकको काम, कर्तव्य र अधिकार,<br>(४०) विशेष जिम्मेवारी,<br>(४१) कर्मचारीको नियुक्ति तथा सेवाका शर्त, | (६७) प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवेदन,<br>(६८) वित्तीय जानकारी एकाइमा प्रतिवेदन,<br>(६९) साधारण सभामा जानकारी गराउनुपर्ने,<br>(७०) हकवालाको मनोनयन,<br>(७१) हक दाबी वा नामसारी,<br>(७२) निर्वाचन,<br>(७३) शपथ ग्रहण,<br>(७४) एकीकरण वा विभाजन,<br>(७५) कार्यान्वयन अधिकारी,<br>(७६) मध्यस्थता,<br>(७७) समानता र समता,<br>(७८) विनियम संशोधन,<br>(७९) साधारण सभाले कार्यविधि बनाउन सक्ने,<br>(८०) व्याख्या गर्ने अधिकार,<br>(८१) ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने। |

## अनुसूची -२

**नियम ६ को उपनियम २ संग सम्वन्धित**

सम्भाव्यता अध्ययन प्रतिवेदनको विषयवस्तुः

१. परिचयः-

२. संस्था गठन गर्नुको कारणः-

३. सदस्यताको जनसंख्याको आधारः-

४. सहभागिताको औचित्यः-

५. व्यावसायिक सम्भाव्यताः-

५.१. सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमानः-

५.२. सदस्यहरूको संरक्षण (Patronage) सुनिश्चित गर्ने आधारहरूः-

५.३. कारोबारबाट हुने बचत (Surplus) को प्रक्षेपणः-

६. पुँजी आवश्यकता र स्रोतः-

६.१ आवश्यकताको अनुमानः-

६.२ स्रोतः-

६.३ पुँजी परिचालनका तर्क सम्मत आधारहरूः-

७. बजार विश्लेषणः-

७.१ नजिकको बजारः-

७.२ टाढाको बजारः-

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरूः-

८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको संख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्यः-

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारणः-

१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरूः-

११. जनशक्ति व्यवस्थाः-

१२. संस्थाको विकास र स्थायित्वका आधारहरूः

## अनुसूची - ३

### नियम २६ को उपनियम २ (क) संग सम्वन्धितः

### आवेदकहरूको विवरण फाराम

| क्र.स | बाजेको नाम/थर | बाबुको नाम/थर | पति पत्नीको नाम/थर | आवेदक को नाम/थर | उमेर | ठेगाना | सदस्यले लिन स्वीकार गरेको शेयर विवरण | | | सम्पर्क नं | औँठाको छाप | फोटो फोटोम पर्ने गर छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रति शेयर रकम | खरिद शेयर संख्या | शेयरको जम्मा संख्या | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

# अनुसूची -४

**(नियम ६ को उपनियम (३) को खण्ड(ख) सँग सम्बन्धित)**

व्यावसायिक कार्ययोजनाको रूपरेखाः

संस्था/संघको नामः–

ठेगानाः– ओमसतिया गाँउपालिका वडा नं. ........ गाउँ/टोलः ............,रुपन्देही, लुम्बिनी प्रदेश ।

क. उद्देश्यः–

१. .............. ................ ................ ................ .............

२. .............. ................ ................ ................ .............

३. .............. ................ ................ ................ .............

ख. कार्यहरूः–

१. .............. ................ ................ ................ .............

२. .............. ................ ................ ................ .............

३. .............. ................ ................ ................ .............

४. .............. ................ ................ ................ .............

ग. संस्थाको सदस्य विस्तारका लागि आगामी ३ वर्ष पछिको प्रक्षेपणः

ग.१. सदस्यता विस्तार लक्ष्यः-

| क्र.स | विवरण | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सदस्य संख्या | | | | | |
| | १ | महिला | | | | |
| | २ | पुरुष | | | | |
| | | जम्मा | | | | |
| २ | सदस्य संख्या प्रतिशतमा | | | | | |
| | १ | दलित | | | | |
| | २ | अल्पसंख्यक | | | | |
| | ३ | जनजाती | | | | |
| | ४ | अन्य | | | | |
| | | जम्मा | | | | |

ग.२. व्यवसायिक सेवा बिस्तार लक्ष्यः-

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्यको उत्पादन खरिद | | | | |
| परिणाम | | | | |
| रकम रु | | | | |
| लाभान्वित हुने सदस्य जना | | | | |
| सदस्यलाई वस्तु वा सेवा विक्री | | | | |
| परिमाण (....) | | | | |
| रकम रु | | | | |
| लाभान्वित हुने सदस्य संख्या | | | | |

| | | | | |
|---|---|---|---|---|
| सदस्यलाई रोजगारीको सृजना प्रत्यक्ष पूर्णकालिन (……जना) अप्रत्यक्ष पुर्णकालिन वर्षमा २०८० घण्टाको १ जनाको हिसाबमा जम्मा (…..जना) | | | | |
| सदस्यलाई ऋण सेवा (वार्षिक) रकम रु जना…………. | | | | |
| सदस्यलाई बचत सेवा वार्षिक रकम रु जना………… | | | | |

ग.३. सहकारी गतिविधि विस्तार लक्ष्यः–

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्यको शिक्षा (वार्षिक जना) खरिदः | | | | |
| गाँउ टोल उपक्षेत्रीय सदस्यहरुको वैठक | | | | |
| सामुदायिक विकासका योजनाहरु पटकः | | | | |

घ. पुँजीको श्रोत र उपयोगः–

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| आवश्यकता | | | | |
| स्थिर पुँजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर, आदी) | | | | |
| चालु पुँजी तर्फ (मोज्दात मालसामान, उधारो, विक्री, नगद् मौज्दात आदीः | | | | |
| ऋण तर्फः | | | | |
| जम्माः | | | | |
| श्रोतः | | | | |
| शेयर पूँजीः | | | | |
| जगेडा कोषः | | | | |
| अन्यः | | | | |
| सदस्यको बचत (सदस्यहरुलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

ङ. कार्यान्वयन जिम्मेवारी बाँडफाँड

ङ.१. सञ्चालक समितिको जिम्मेवारीः

ङ.२. गाउँ /टोल उपक्षेत्रीय बैठकको जिम्मेवारीः

ङ.३. लेखा सुपरिवेक्षण समितिको जिम्मेवारीः

ङ.४. व्यवस्थापन कर्मचारीको जिम्मेवारीः

च. कार्ययोजनाबाट सदस्यहरुको जीवनमा पार्ने प्रभावका सूचकहरुः

छ. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधिः

## अनुसूची -५

### भर्पाईको नमुना

नियम ६ को उपनियम (३) को खण्ड (ग) संग सम्बन्धित)

भर्पाई दादै प्रस्तावित.............................. सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका ..................... श्री ....................... .......................आगे उक्त सहकारी संस्था लि. का सदस्यहरूको ...........प्रारम्भिक भेलाको मिति..................को निर्णय बमोजिम प्रति सेयर रु..........।– का दरले................. जना बाट जम्मा .................. कित्ताको हुन आउने जम्मा रकम रु. ...................................... (अक्षेरेपि रुपैयाँ ............................................................................................ मात्र) र प्रवेश शुल्क प्रति व्यक्ति रु. ........................।– का दरले हुन आउने रु. ....................।- (अक्षरुपि................................................. मात्र) गरी जम्मा रु. ........................।– (अक्षरुपि................................................................................. मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाईमा सही छाप गरी ओमसतिया गाँउपालिकाको कार्यालयमा पेस गरेको छु । प्राप्त रकम हाल मैले (मेरो नाममा रहेको .............................. बैंक लि. को ....................हिसाब नं. ............................................... मा जम्मा गरी बैंक भौचर दाखिला गरेको छु । म संग नगदै राखेको छु) । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोले सम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानुन बमोजिम कारबाई भएमा मेरो मन्जुरी छ ।

इति संवत् २०..................साल....................महिना..............गतेरोज............शुभम् ।

## अनुसूची- ६

### (नियम ६ को उपनियम (३) को खण्ड (घ) सँग सम्बन्धित)

तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम

| सि.नं | बाजेको नाम/थर | बुवाको नाम/थर | पति वा पत्नीको नाम/थर | सञ्चालकको नाम/थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | वहाल रहने अवधि | औंठा छाप | फोटो र फोटोमा पर्ने गरी सही छाप | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

## अनुसूची -७

### नियम ६ को उपनियम ३ (ङ) संग सम्वन्धित

स्वघोषणा–पत्रको नमुना

प्रस्तावित श्री .................................. सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदक हरूले प्रचलित कानुन सम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक र सामाजिक उत्थान गर्ने कार्य, कारण बाहेक अन्य कुनै कार्य,कारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व–घोषणा गर्दछौः–

हामी आवेदकहरू कोही पनिः–

१. यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं,

२. बैंक, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था / संघ/ रा. स. बैंकको कानुन बमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौ,

३. यसअघि सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं",

४. सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौं र

५. सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानुन बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपर्युक्त बेहोरा ठीक, साँचो हो । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्नेः

| सि.नं | पद | सदस्यको नाम/थर | नागरिकता नं र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नं | सहीछाप |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

नोटः आवेदक सवै शेयर सदस्यहरुको नामावली अभिलेखन गर्नु पर्नेछ ।

## अनुसूची - ८

**नियम ६ को उपनियम ३ (च) संग सम्वनिधत**

अधिकार प्रत्यायोजनको नमुना

मितिः २०......।.....।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
ओमसतिया गाउँपालिका,
हाटीफर्साटिकर, रुपन्देही ।

विषयः– अधिकार प्रत्यायोजन ।

महोदय,

यस प्रस्तावित........................ सहकारी संस्था लि. को मिति २०........।.........। ........ मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानुन बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम–कारबाई गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका तपशिलमा उल्लेखित पदाधिकारीहरुलाई अधिकार प्रत्यायोजन गरिएको ब्यहोरा अनुरोध गरिन्छ ।

निजहरूले हाम्रो प्रतिनिधिको रूपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामीले मञ्जुर गर्दछौ ।

अधिकार प्रत्यायोजन गरिएका पदाधिकारीहरुः

क्र स. पद नाम ठेगाना दस्तखत नमुना

१. ........ श्री ...................... ...................... ......................
२. ........ श्री ...................... ...................... ......................
३. ........ श्री ...................... ...................... ......................

क्र सं. सदस्यहरूको नाम, थर ठेगाना सहीछाप

१.
२.
३.
४.
५.

द्रस्टव्यः– अधिकार प्रत्यायोजन–पत्रमा आवेदक सबैको विवरण समावेश गर्नुपर्नेछ ।

अनुसूची ९

नियम ५ को उपनियम (५) को खण्ड(क) सँग सम्बन्धित
संघ दर्ताका लागि आवेदन दिने संस्थाहरुको विवरणः

| सि. नं. | आवेदक संघ संस्थाको नाम | दर्ता नं र मिति | ठेगाना | विषयगतवर्गीकरण | कार्यक्षेत्र | सदस्य संख्या | शेयर पुँजी | जगेडा कोष | खरिद गर्ने शेयरको विवरण | | | आधिकारिक प्रतिनिधिको नाम, पद | सहीछाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रति शेयर रकम रु. | खरिद शेयर सङ्ख्या | शेयरको जम्मा रकम रु. | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

अनुसूची १०

नियम ५ को उपनियम (५) को खण्ड(क) सँग सम्बन्धित
सहकारी बैंक दर्ताका लागि आवेदन दिने संस्थाहरुको विवरण

| सि. नं. | आवेदक संघ संस्थाको नाम | दर्ता नं. र मिति | ठेगाना | कार्यक्षेत्र | सदस्य संख्या | शेयर पुँजी | जगेडा कोष | वित्तीयअवस्था | | | | | खरिद गर्ने शेयरको विवरण | | | आधिकारिक प्रतिनिधिको नाम, पद | सहीछाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जम्मा बचत रकम रु. | जम्मा ऋण लिएको रकम रु. | ऋण लिएको निकाय | जम्मा ऋण लगानी रु | पछिल्लो आ.व.को नाफा / (घाटा) को रकम रु | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

अनुसूची ११

नियम ५ को उपनियम (१)को खण्ड(क) सँग सम्बन्धित
विशिष्टीकृत संघ दर्ताका लागि आवेदनदिने संस्थाहरुको विवरण

| सि. नं. | आवेदक संस्थाको नाम | दर्ता नं. र मिति | ठेगाना | विषयगतवर्गीकरण | कार्यक्षेत्र | सदस्य संख्या | शेयर पुँजी | जगेडा कोष | कारोबारको अवस्था | | | | | खरिद गर्ने शेयरको विवरण | | | सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | जम्मा बचत रकम रु. | जम्मा ऋण लगानी रु. | पछिल्लो आ.व.को जम्माखरिद रु. | पछिल्लो आ.व.को जम्माबिक्री रु | पछिल्लो आ.व.को नाफा (घाटा) को रकम रु. | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

## अनुसूची -१२
**(नियम ३७ सँग सम्बन्धित)**
**दरखास्तको ढाँचा**

श्री शाखा प्रमुख ज्यू,
आर्थिक विकास समिति
ओमसतिया गाउँपालिका, हाटीफर्सीटिकर, रुपन्देही ।

विषयः वित्तीय अनुदानका लागि प्रस्ताव पेस गरिएको ।

धवलागिरी गाउँपालिका, आर्थिक विकास समिति (सहकारी व्यवसाय प्रर्वद्धन समिति) बाट मिति ............ मा ................ प्रकाशित सूचना अनुसार यस संघ/संस्थाले ओमसतिया गाँउपालिका, आर्थिक विकास समिति (सहकारी व्यवसाय प्रवद्र्धन समिति)को वित्तीय अनुदान समेतमा .............................. परियोजना सञ्चालन गर्ने गरी मिति ................. को साधारण सभाले निर्णय गरेकाले सूचनामा तोकिएका कागजात संलग्न राखी अनुसूची-१३ बमोजिमको विवरण खुलाई यो दरखास्त पेश गरिएको छ । सहकारी संस्थाहरूलाई अनुदान सुविधा प्रदान गर्ने ओमसतिया गाँउपालिकाको सहकारी ऐन २०७५ र सहकारी नियमावली, २०७७ संग सम्वन्धित निकाय र मन्त्रालयहरुले तोकेको शर्त र बन्देजहरू पालना गर्न यो संघ/संस्था मन्जुर छ ।

भवदीय,..................
संस्थाको छापः अध्यक्ष
नाम, थरः
संस्थाको नाम, ठेगानाः
सम्पर्क नं :-

## अनुसूची-१३
(नियम ३७ को खण्ड (ट) सँग सम्बन्धित)

परियोजनाको विवरणः

१) संघ / संस्थाको नामः ............................................................

ठेगानाः- रुपन्देही जिल्ला, ओमसतिया गाँउपालिका, वडा नं. ..... गाउँ वा टोलः-

२) दर्ता नम्बर र मितिः-

३) परियोजनाको नामः-

४) परियोजना स्थलः-रुपन्देही जिल्ला, ओमसतिया गाउँपालिका, वडा नं. .....

गाउँ वा टोलः-

४.१. परियोजना स्थल अनुसूची-१ बमोजिमको क्षेत्रमाः- पर्ने / नपर्ने

५) परियोजना प्रारम्भ हुने मितिः-

६) परियोजना सम्पन्न हुने मितिः-

७) प्रस्तावित परियोजनाको कुल लागतः- रु. ..................................

७.१ स्थीर पुंजी आवश्यकताः-रु. ..................................
क. मेसिनरी उपकरण रु. ..................................
ख. जग्गा रु. ..................................
ग. भवन रु. ..................................
घ. पशुपन्छी खरिद रु. ..................................
ङ. अन्य (खुलाउने) रु. ..................................
७.२ कार्यशील पुंजी आवश्यकताः- रु. ..........................

७.३ परियोजनाको कार्यक्रम खर्चः- रु. ..............

८) संघ वा संस्थाले व्यहोर्ने लागत प्रतिशतः- ..................

९) संघ वा संस्थाको लागत व्यहोर्ने स्रोतः-
क. शेयर रकमबाट रु. ...................
ख. जगेडा कोषबाट रु. ...................
ग. अन्य रु. ...................

१०) ओमसतिया गाँउपालिकाको आर्थिक विकास समिति वा अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउनेः. ................. ............. ...... ...... .............................. ................................. ............... .............. ...... ..............................................

११) सदस्य सहभागिताको अवस्थाः–

| वर्गीकरण | सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण समितिमा | | सञ्चालक समितिमा | | परियोजनाबाट प्रत्यक्ष लाभान्वित हुनेमा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| महिला | | | | | | |
| अपाङ्गता भएका व्यक्ति | | | | | | |
| दलित समुदाय | | | | | | |
| वा सीमान्तकृत वा अल्पसंख्यक | | | | | | |
| जनजाति | | | | | | |
| अन्य | | | | | | |
| जम्मा | | | | | | |

१२) संस्थाको व्यावसायिक सेवामा सदस्य केन्द्रीयताः–

| विवरण | | हालको अवस्था पछिल्लो आ.ब को | | परियोजना सञ्चालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|---|
| | | रु हजार | प्रतिशत | रु हजार | प्रतिशत |
| उत्पादित वस्तुको | सदस्यको उत्पादन | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| खरिद | गैरसदस्यको उत्पादन | | | | | |
| जम्मा | | | | | | |
| उत्पादन सामाग्री र उपभोग्य वस्तुको विक्री | सदस्यलाई | | | | | |
| | गैरसदस्यलाई | | | | | |
| जम्मा | | | | | | |

| स्वरोजगारी | हालको अवस्था | | | | आयोजना सञ्चालन भएपछि | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य संख्या | गैरसदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत | सदस्यको संख्या | गैरसदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत |
| प्रत्यक्ष पूर्णः (वर्षमा २०८० घण्टा काम पाउने भए १ जना मानी संख्या जनाउन) | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्मा | | | | | | | | |

१३. आयोजना स्थलमा पूर्वाधारको स्थिति ( ✓ चिन्ह लगाउनुहोस)

| | | | |
|---|---|---|---|
| बिजुली | सिंचाई | कच्ची सडक | पक्की सडक |

१४. व्यवसायको लागि भवन, टहरा, सेड, गोठको स्थिति ( ✓ चिन्ह लगाउनुहोस):-

| | |
|---|---|
| आफ्नै स्वामित्वमा निर्माण भएको | आफ्नै स्वामित्वमा निर्माणाधीन |

१५. कार्यालयको भौतिक स्थितिः–

| | |
|---|---|
| आफ्नै भवन | भाडाको घर |

१६. संस्थागत सुशासनको स्थितिः–

| | | |
|---|---|---|
| सञ्चालक समितिको बैठक नियमित | छ | छैन |
| वार्षिक साधारण सभा नियमित | छ | छैन |
| लेखा परिक्षण नियमित | छ | छैन |
| संघहरुमा आवद्ध | छ | छैन |
| कार्यसञ्चालन नियमावली | छ | छैन |
| छ भने कतिवटा | छ | छैन |
| आयोजनाको सम्भाव्यता अध्ययन | छ | छैन |
| भएको भए व्यवसायको वार्षिक मुनाफा दरः- | छ | छैन |

१७. उत्पादित वस्तुको बजार सम्भावनाः–

| | | |
|---|---|---|
| अन्तराष्ट्रिय बजारको पहुँच | भएको | नभएको |
| राष्ट्रिय बजारको पहुँच | भएको | नभएको |

| | | |
|---|---|---|
| स्थानीय बजारको पहँच | भएको | नभएको |

१८ सामूहिक व्यवस्थापनमा सञ्चालनः–

| | | |
|---|---|---|
| क. सामूहिक व्यवस्थापनमा सञ्चालन भएको | हुने | नहुने |
| ख. हुने भए सामुहिक रुपमा कसरी गरिने हो, खुलाउनेः | | |
| | | |

१९. प्रविधिमा नवप्रवर्तन (उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रूपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन):-

| | | |
|---|---|---|
| क. | हुने | नहुने |
| ख. हुने भए के कसरी हुने हो, खुलाउनेः- | | |
| | | |

२०. मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलापः

| | | |
|---|---|---|
| क. | हो | होइन |
| ख. हुने भए व्यहोरा खुलाउनेः- | | |
| | | |

२१. वैदेशिक बजारीकरणः–

| विवरण | हाल (पछिल्लो आ.व.) को अवस्थाः | | परियोजना सञ्चालन भएपछि हुने अवस्थाः | |
|---|---|---|---|---|
| | रु | प्रतिशत | रु | प्रतिशत |
| स्वदेशमा विक्री | | | | |
| विदेशमा विक्री | | | | |
| जम्मा | | | | |

२२. वातावारणीय सरोकार (प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदूषणको रोकथाम लगायतमा पर्ने प्रभाव):-

| | | |
|---|---|---|
| क) सकारात्मक प्रभाव | हुने | नहुने |

ख) हुने भए के कस्तो हुने हो, खुलाउनेः .......................................................................................................................................
.......................................................................................................................................

| | | |
|---|---|---|
| क. | हो | होइन |
| ख. हुने भए व्यहोरा खुलाउनेः- | | |
| | | |

२३. अन्य कुनै कुरा भए खुलाउनेः– ..............................................................................................................

..............................................................................................................

अध्यक्षको हस्ताक्षर

नाम, थरः

संस्थाको नाम, ठेगानाः

संस्थाको छापः

सम्पर्क नं:

## अनुसूची–१४

प्रारम्भिक जाँच सूची

(नियम ३८ को उप-नियम (२) सँग सम्बन्धित)

| क्र.स | विवरण | | |
|---|---|---|---|
| १ | सूचनाको म्यादभित्र दरखास्त दर्ता | भएको | नभएको |
| २ | सूचनामा तोकिएका सबै कागजात संलग्न | भएको | नभएको |
| ३ | पछिल्लो वार्षिक साधारण सभा समयमै | गरेको | नगरेको |
| ४ | पछिल्लो सञ्चालक समितिको निर्वाचन समयम | गरेको | नगरेको |
| ५ | पछिल्लो वार्षिक लेखापरीक्षण समयमै | गराएको | नगराएको |
| ६ | यसअघि अनुदान प्राप्त गरेको भए सदुपयोग | गरेको | नगरेको |
| ७ | कार्यक्षेत्र भन्दा बाहिर गई कारोबार सञ्चालन | नगरेको | गरेको |
| ८ | संस्था सञ्चालनमा आएको कम्तीमा २ आर्थिक वर्ष पूरा (बीउपुँजी अनुदानको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न) | भएको | नभएको |
| ९ | कर चुक्ता प्रमाण–पत्र | भएको | नभएको |
| १० | दफा ४२ को उपदफा (५) बमोजिम निर्देशन समितिले तोके बमोजिम | भएको | नभएको |
| ११ | बीउपुँजी र पुँजीगत अनुदानको हकमा बचत तथा ऋणको मुख्य कारोबार | नगरेको | नगरेको |
| १२ | लेखा समितिको वार्षिक प्रतिवेदन पेस | भएको | नभएको |

द्रष्टव्यः-..............................................................................................................

| | |
|---|---|
| जाँच गर्ने कर्मचारीको | प्रमाणित गर्ने कार्यालय प्रमुखको |
| नाम, थरः | नाम, थरः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| मितिः | मितिः |

## अनुसूची–१५

(नियम ३९ को उप-नियम (३) सँग सम्बन्धित)

प्रस्ताव मूल्याङ्कनका आधार र अङ्क

| सि.नं | आधार | अङ्क | पुर्णाङ्क |
|---|---|---|---|
| १ | परियोजनाको सदस्य केन्द्रीयता (उत्पादनमूलक संस्थामा सदस्यबाट खरिद, उपभोक्ता संस्थामा सदस्यलाई बिक्री र रोजगारीमूलक संस्थामा सदस्यलाई रोजगारी) | | २० |
| | १.१ हालको अवस्थाः | १० | |
| | (क) १०० प्रतिशत | १० | |
| | (ख) ७५ वा बढी | ८ | |
| | (ग) ५० वा बढी | ६ | |
| | (घ) २५ वा बढी | ४ | |
| | (ङ) २५ भन्दा कम | | |
| | १.२ परियोजनाको प्रक्षेपित अवस्थाः | १० | |
| | (क) १०० प्रतिशत | १० | |
| | (ख) ७५ वा बढी | ८ | |
| | (ग) ५० वा बढी | ६ | |
| | (घ) २५ वा बढी | ४ | |
| | (ङ) २५ भन्दा कम | २ | |
| २ | परियोजनाबाट सिर्जना हुने रोजगारी (प्रतिलाख लगानीमा पूर्ण रोजगारी संख्या):- | | १५ |
| | (क) ५ जना वा बढी | १५ | |
| | (ख) ४ जना | १२ | |
| | (ग) ३ जना | ९ | |
| | (घ) २ जना | ६ | |
| | (ङ) १ जना वा कम | ३ | |
| ३ | सीमान्तीकृत समुदायको सहभागिताः | | १५ |
| | ३.१ सदस्यमा सहभागिताः | ५ | |
| | (क) शत प्रतिशत | ५ | |
| | (ख) ५१ प्रतिशत भन्दा बढी | ४ | |
| | (ग) ३३ प्रतिशत भन्दा बढी | ३ | |
| | (घ) ३३ प्रतिशत भन्दा कम | २ | |
| | (ङ) नभएको | १ | |
| | ३.२ सञ्चालक समितिमा सहभागिताः | ५ | |
| | (क) शत प्रतिशत | ५ | |
| | (ख) ५१ प्रतिशत भन्दा बढी | ४ | |
| | (ग) ३३ प्रतिशत भन्दा बढी | ३ | |
| | (घ) ३३ प्रतिशत भन्दा कम | २ | |

| | | | |
|---|---|---|---|
| | (ङ) नभएको | १ | |
| | ३.३ आयोजनाको लाभ लिनमा सहभागिताः | ५ | १५ |
| | (क) शत प्रतिशत | ५ | |
| | (ख) ५१ प्रतिशत भन्दा बढी | ४ | |
| | (ग) ३३ प्रतिशत भन्दा बढी | ३ | |
| | (घ) ३३ प्रतिशत भन्दा कम | २ | |
| | (ङ) नभएको | १ | |
| ४ | महिला, दलित र अल्पसंख्यकको सहभागिताः | | १५ |
| | ४.१ सदस्यमा सहभागिताः | ५ | |
| | (क) शत प्रतिशत | ५ | |
| | (ख) ५१ प्रतिशत भन्दा बढी | ४ | |
| | (ग) ३३ प्रतिशत भन्दा बढी | ३ | |
| | (घ) ३३ प्रतिशत भन्दा कम | २ | |
| | (ङ) नभएको | १ | |
| | ४.२ सञ्चालक समितिमा सहभागिताः | ५ | |
| | (क) शत प्रतिशत | ५ | |
| | (ख) ५१ प्रतिशत भन्दा बढी | ४ | |
| | (ग) ३३ प्रतिशत भन्दा बढी | ३ | |
| | (घ) ३३ प्रतिशत भन्दा कम | २ | |
| | (ङ) नभएको | १ | |
| ५ | ४.३ परियोजनाको लाभ लिनमा सहभागिताः | ५ | |
| | (क) शत-प्रतिशत | ५ | |
| | (ख) ५१ प्रतिशत भन्दा बढी | ४ | |
| | (ग) ३३ प्रतिशत भन्दा बढी | ३ | |
| | (घ) ३३ प्रतिशत भन्दा कम | २ | |
| | (ङ) नभएको | १ | |
| | भौगोलिक अवस्थाः | | १० |
| | (क) अनुसूची १७ बमोजिमको क्षेत्र | १० | |
| | (ख) अन्य क्षेत्र | ५ | |
| ६ | सिर्जनात्मकताः | | २५ |
| | (क) सामूहिक व्यवस्थापनमा सञ्चालन | ५ | |
| | (ख) भैरहेको प्रविधिमा नवप्रवर्तन | ५ | |
| | (ग) मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप | ५ | |
| | घ) वातावरणीय सरोकारको सम्बोधन | ५ | |
| | (ङ) उत्पादनको वैदेशिक बजारीकरण | ५ | |

द्रष्टव्यः

१. पूर्ण रोजगारी भन्नाले वर्षमा २०८० घण्टाको काम सम्झनु पर्छ।

२. वैदेशिक बजारीकरण भन्नाले उत्पादनको ५ प्रतिशत भन्दा बढी विदेश निर्यातलाई सम्झनु पर्छ।

३. वातावारणीय सरोकार भन्नाले प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदूषणको रोकथाम लगायतमा पर्ने प्रभाव सम्झनु पर्छ।

४. नवप्रवर्तन भन्नाले उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रूपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन सम्झनु पर्छ।

## अनुसूची - १६

### नियम ५९ को उप-नियम ११ को (घ) संग सम्वन्धितः

पूर्वाधार निर्माण उप-समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदनः

विवरण पेश गरेको कार्यालय..................

१. परियोजनाको विवरणः

परियोजनाको नामः

वडा नः

टोल/बस्तीः

उप-समितिको संयोजक वा सउपसंयोजकः

२. परियोजनाको लागतः

प्राप्त अनुदान रकम रू. ...........................

चन्दा रकम रू.....................

जन सहभागिता रकम रू. .............

जम्मा रकम रू. ............................

३. हाल सम्मको खर्च रू. ..............

क. कार्यालयबाट प्राप्त रकम रू............

१. निर्माण सामग्रीमा (सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदि) रूः

२. ज्यालाः– द

क्ष रूः

अदक्ष रूः

जम्मा रूः

३. मसलन्द सामान (कपि, कलम, मसी, कागज आदि) रूः

४. दैनिक भ्रमण भत्ता (सम्झौतामा स्वीकृत भए) रूः

५. प्राविधिक निरीक्षण बापत खर्च (सम्झौतामा स्वीकृत भए) रूः

६. अन्य रुः

ख. जनसहभागिताबाट व्यहोरिएको खर्च रूः ..................

श्रमको मूल्य बराबर रकम रू. ......................

जिन्सी सामान मूल्य बराबर रकम रू. ............

कूल जम्मा रू. ............

४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रू. ............

५. स्थानिय सहकारी संघ वा संस्थाको निर्णय बमोजिमको समिक्षाबाट खर्च देखिएको रू. ...........

६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरूः

क.

ख.

ग.

७. समाधानका उपायहरू:

क.

ख.

ग.

८. कार्यालयबाट र अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझाव:

९. हाल माग गरेको किस्ता रकम रू.

१०. मुख्य खर्च प्रयोजन

११. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ ।

............ ............ ............ ............

तयार गर्ने सचिव कोषाध्यक्ष अध्यक्ष

## अनुसूची -१७

### नियम ५९ को उप-नियम ४ (२) सँग सम्वन्धित

ओमसतिया गाँउपालिका स्थानीय सहकारी संघ वा संस्थाहरु संग परियोजना सम्झौता फाराम:

१. सम्झौता गर्ने पक्ष र परियोजना:

क. परियोजना निमार्ण उप-समितिको विवरण:

१. नाम:

२. ठेगाना:

ख. परियोजनाको विवरण:

१. नाम:

२. परियोजना स्थल:

३. उद्देश्य:

४. परियोजना सुरु हुने मिति:

२. परियोजनाको लागत सम्वन्धी विवरण:

क. लागत अनुमान रु

ख. लागत व्यहोर्ने स्रोतहरु

१. कार्यालय:

२. उप-समिति:

३. अन्य:

ग. बस्तुगत अनुदानको विवरण: सामाग्रीको नाम: एकाई:

१. संघ सरकारबाट:

२. प्रदेश सरकारबाट:

३. ओमसतिया गाँउपालिका बाट:

४. गैह सरकारी संघ/संस्थाबाट:

५. विदेशी दातृ संघ/संस्थाबाट:

६. उप-समितिबाट:

७. अन्य निकायबाटः

घ. परियोजनाबाट लाभान्वित हुनेः

१. घरपरिवार संख्याः

२. जनसंख्याः

३. संगठित संस्थाः

४. अन्यः

३. स्थानीय सहकारी संघ वा संस्थाको विवरणः

क. गठन भएको मितिः

ख. पदाधिकारीको नाम र ठेगाना (नागरिकता प्रमाणपत्र नं. ... र जिल्ला ..............)

१. अध्यक्षः

२. उपाध्यक्षः

३. सचिवः

४. कोषाध्यक्षः

५. सदस्यः

६. सदस्यः

७.थप लेख्नेः

ग. संचालक समितिका मितिः .................... गतेको निर्णयनुसार गठन गरिएको उप-समितिकोः

(१) संयोजकः (२) सदस्यः (३) सदस्यः

घ. गठन गर्दा उपस्थित लाभान्वितको संख्याः

४. परियोजना सञ्चालन सम्वन्धी अनुभवः

५. उप-समितिले स्थानिय सहकारी संघ वा संस्थाले प्राप्त गर्ने किस्ता विवरणः

किस्ताको क्रम मिति किस्ताको रकम निर्माण समाग्री परिमाण कैफियत

पहिलोः

दोश्रोः

तेश्रोः

जम्माः

६. आयोजना मर्मत संभार सम्बन्धी व्यवस्थाः

क. आयोजना मर्मत संभारको जिम्मा लिने समिति-संस्थाको नामः

ख. मर्मत सम्भारको सम्भावित स्रोत (छ वा छैन खुलाउने) जनश्रमदानः

सेवा शुल्कः

दस्तुर, चन्दाबाट अन्य केही भएः

सम्झौताका शर्तहरुः

उप-समितिको जिम्मेवारी तथा पालना गरिने शर्तहरुः

१. परियोजना मितिः ................ देखि शुरु गरी मितिः ..................सम्ममा पुरा गर्नु पर्नेछ।

२. प्राप्त रकम तथा निर्माण सामाग्री सम्वन्धित परियोजनाको उद्धेश्यका लागि मात्र प्रयोग गर्नुपर्नेछ।

३. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा परियोजनाको प्रगति विवरण राख्नु पर्नेछ।

४. आम्दानी खर्चको विवरण र कार्यप्रगतिको जानकारी सहकारिमा छलफल गरी अर्को किस्ता माग गर्नु पर्नेछ।

५. परियोजनाको कुल लागत भन्दा घटी लागतमा परियोजना सम्पन्न भएको अवस्थामा सो मुताविकनै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिनु पर्नेछ।

६. उप-समितिले प्राविधिकको राय, परामर्श एवं निर्देशन अनुरुप काम गर्नु पर्नेछ।

७. उप-समितिले परियोजनासंग सम्वन्धित विल, भरपाईहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समितिको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलव्ध गराउनु पर्नेछ र त्यसको लेखापरीक्षण पनि गराउनु पर्नेछ।

८. कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको विल भरपाई अधिकारिक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ।

९. मूल्य अभिबृद्धि कर (Vat) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु २०,०००।– भन्दा बढी मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्नेछ। साथै उक्त विलमा उल्लिखित मु.अ. कर बाहेकको रकममा १.५५ अग्रीम आयकर बापत करकट्टी गरी बाँकी रकम मात्र सम्वन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ। रु २०,०००।– भन्दा कम मूल्यको सामाग्री खरिदमा पान नम्वर लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नुपर्नेछ। अन्यथा खरिद गर्ने पदाधिकारी स्वयंम् जिम्मेवार हुनेछ।

१०. डोजर रोलर लगायतका मेशिनरी सामान भाडामा लिएको एवम घर बहालमा लिई विल भरपाई पेश भएको अवस्थामा १० प्रतिशत घर भाडा कर एबम बहाल कर तिर्नु पर्नेछ।

११. प्रशिक्षकले पाउने पारिश्रमिक एवम सहभागीले पाउने भत्तामा प्रचलित नियमानुसार कर लाग्नेछ।

१२. निर्माण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आईटम हरुमा परिर्वतन हुने भएमा अधिकार प्राप्त व्यक्ति वा कार्यालयबाट लागत अनुमान संशोधन गरे पश्चात मात्र कार्य गराउनु पर्नेछ। यसरी लागत अनुमान संशोधन नगरी कार्य गरेमा उप-समिति वा सहकारी संस्था जिम्मेवार हुनेछ।

१३. उप-समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समिति लाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्नेछ। तर मर्मत समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्वन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ।

१४. सम्झौता बमोजिम परियोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, प्रमाणित विल भरपाई, परियोजनाको फोटो, सम्वन्धित उप-समितिले परियोजना संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, भेलाबाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णयको प्रतिलिपी तथा सम्वन्धित कार्यालयको वडा कार्यालयको सिफारिस सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नु पर्नेछ।

१५. परियोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारकको प्रमाणपत्र लिनु पर्नेछ। साथै परियोजनाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित सहकारी संस्थाले नै गर्नु पर्नेछ।

१६. परियोजना कार्यान्वयन गर्ने सहकारी संस्थाले परियोजनाको भौतिक तथा वित्तीय प्रगती प्रतिवेदन सम्झौतामा तोकिए बमोजिम कार्यालयमा पेश गर्नु पर्नेछ।

१७. परियोजनाको दीगो सञ्चालन तथा मर्मत संभारको व्यवस्था गर्नु पर्नेछ।

१८. परियोजनाको सवै काम कार्यहरु सहकारी संस्थाको निर्णय अनुसार गर्नु, गराउनु पर्नेछ।

ओमसतिया गाँउपालिकाको कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरुः

१. परियोजनाको वजेट, सहकारी संस्थाको काम, कर्तव्य तथा अधिकार, खरिद, लेखा,नं, प्रतिवेदन आदि विषयमा सम्वन्धित सहकारी संस्थाको पदाधिकारी एवं उप-समितिहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

२. परियोजनामा आवश्यक प्राविधिक सहयोग ओमसतिया गाँउपालिकाको कार्यालयबाट उपलव्ध गराउन सकिने अवस्थामा गराईनेछ र नसकिने अवस्था भएमा सम्वन्धित सहकारी संस्थाले बाह्य बजारबाट सेवा परामर्श अन्तर्गत सेवा लिन सक्नेछ।

३. परियोजनाको प्राविधिक सुपरिवेक्षणका लागि ओमसतिया गाँउपालिका कार्यालयको तर्फबाट प्राविधिक खटाईनेछ। सम्वन्धित सहकारी संस्थाबाट भएको कामको नियमित सुपरिवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिकको हुनेछ।

४. पेश्की लिएर लामो समयसम्म परियोजना संचालन नगर्ने सहकारी संस्थाहरुलाई ओमसतिया गाँउपालिकाको कार्यालयले नियमानुसार कारवाही गर्नेछ ।

५. श्रममुलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाईएमा त्यस्तो सहकारी संस्थासंग सम्झौता रद्ध गरी सहकारी संस्थालाई भुक्तानी गरिएको रकम मुल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. परियोजना सम्पन्न भएपछि ओमसतिया गाँउपालिकाको कार्यालयबाट जाँच पास गरी फरफारक गर्नु पर्नेछ ।

७. आवश्यक कागजात संलग्न गरी भुक्तानी उपलव्ध गराउन सम्वन्धित सहकारी संस्थाबाट अनुरोध भई आएपछि सहकारी संस्थाको बैंक खातामा भुक्तानी दिनु पर्नेछ ।

८. यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ ।

माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर गर्दछौं ।

| स्थानिय सहकारी संघ वा संस्थाको तर्फबाटः | ओंमसतिया गाँउपालिका, कार्यालयको तर्फबाटः |
|---|---|
| दस्तखतः.......................<br>नाम थरः .....................<br>पदः .............................<br>ठेगानाः ओमसतिया गाँउपालिका......... रुपन्देही ।<br>सम्पर्क नः .....................<br>मितिः ............................... | दस्तखतः.......................<br>दस्तखतः ..................................<br>नाम थरः ....................................<br>पदः ...........................................<br>ठेगानाः ओमसतिया गाँउपालिका, हाटीफर्साटिकर, रुपन्देही ।<br>सम्पर्क नः .......................................<br>मितिः ............................................ |